धार्मिक-सांस्कृतिक
सहिष्णुता कायम राखौं
एकअर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं। एकापसमा भेदभाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज २७ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 14 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५६

## वडाध्यक्षहरूको दबाबमा वीरगंज महानगरले करारमा कर्मचारी नियुक्त गर्ने

प्रस, वीरगंज, २६ असोज/

वीरगंज महानगरपालिकाको चालक र इन्धनको अभाव रहेको, कम्प्युटर अपरेटरलगायतका कर्मचारीहरू दरले सरसफाइ कर्मचारी, कम्प्युटर अपरेटर, चालक नियुक्त थिए भने




शुक्रवार सम्पन्न बोर्ड बैठकले हालै निष्कासित दैनिक ज्यालादारी र डोर हाजिरीका कर्मचारीहरूको सन्दर्भमा आगामी दिनमा आवश्यकता अनुसार ती पदमा करारमा कर्मचारी नियुक्त गर्ने निर्णय गरेको छ।

एकजना बोर्ड सदस्यले आवश्यकता अनुसार करारमा कर्मचारी भर्ना गर्ने र पहिलेको जस्तो भद्रगोल अवस्था नपार्ने बताए।

यसअघि, बैठक शुरू हुँदा वडाध्यक्षहरूले सरसफाइलगायत वडा कार्यालयमा खट्ने दैनिक ज्यालादारी र डोर हाजिरीका कर्मचारीहरूलाई हटाइएकोमा आपत्ति जनाएका थिए। केही वडाध्यक्षहरूले शुक्रवार बिहान नगरप्रमुख राजेशमान सिंहलाई भेटेर एकैपटक सरसफाइलगायतका कर्मचारीहरू हटाउँदा वडाको काम प्रभावित भएको र अविलम्ब सोको व्यवस्थापन गर्न माग गरेका थिए।

उनीहरूले वडामा सरसफाइको काम प्रभावित भएको, ट्याक्टर रहे पनि हट्दा वडाको दैनिकी काम प्रभावित भएको गुनासो गरेका थिए।

नगरसभाबाट अनुमोदन गरेर दैनिक ज्यालादारी तथा डोर हाजिरीमा कर्मचारी नियुक्त गरिएकामा प्रमुख प्रशासकीय अधिकृतले एक महीनाअघि एकसाथ सम्पूर्ण कर्मचारीलाई अवकाश दिएकामा उनीहरूले आपत्ति जनाए। वडाध्यक्षहरूले नगरसभाबाट पारित गरिएको हुँदा अख्तियारको सामना सबैले मिलेर गर्न सक्ने अवस्थामा प्रमुख प्रशासकीय अधिकृत एक्लैले निर्णय गरेर कर्मचारीहरूलाई अवकाश दिएकामा आपत्ति जनाएका थिए।

प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले करारबाहेकका दैनिक ज्यालादारी र डोर हाजिरीका सबै कर्मचारीलाई एक महीनाअघि एकैपटक अवकाश दिएका थिए। यो सङ्ख्या करीब पौने सात सय रहेको बताइए पनि नगरपालिकाले भने ४३५ जना रहेको दाबी गरेको छ। यी कर्मचारीहरूमध्ये प्रत्येक वडामा छजनाको अन्यमा इन्जिनीयरदेखि कार्यालय सहायकसम्म र नगरप्रहरी तथा वारुणयन्त्रका कर्मचारीहरू पनि थिए।

यसै विषयलाई लिएर नगरपालिकाको बोर्ड बैठकमा पनि दिउँसो वडाध्यक्षहरूले प्रमुख प्रशासकीय अधिकृत पौडेलसँग चर्काचर्की गरेका थिए। उनीहरूले प्रमुख प्रशासकीय अधिकृत मात्रको अधिकारबाट कर्मचारीहरूलाई अवकाश दिइनु अन्यायपूर्ण कार्य भएको भन्दै यसलाई सुधार गर्नुपर्ने बताए।

नगरसभाले आवश्यकता अनुसार कर्मचारीहरू बहाल गरेको तर एकैसाथ सबै कर्मचारीलाई हटाउँदा वडा र नगरपालिकाको कामसमेत प्रभावित भएको भन्दै उनीहरूले यसमा सुधार हुनुपर्ने जिकिर गरेका थिए।

बैठकमा नगरप्रमुख राजेशमान सिंह, उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत पौडेल, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरूको सहभागिता थियो।

## फोरलेन सडक मरम्मत हुँदै वडास्तरको सडकको दुर्दशा यथावत्

प्रस, वीरगंज, २६ असोज/

वीरगंज महानगरपालिकाले कारण महानगरले बनाएको सडक पहिले निर्मित सडक विभागको सडकभन्दा मङ्गलवारदेखि शुरू भएको छ। खानेपानीको हाहाकार भएको बखत मुख्य



खानेपानी संस्थानले भत्काएको सडक



खाल्डोमा बालुवा भर्दै। तस्वीरः प्रतीक

घण्टाघरदेखि पावरहाउस चोकसम्मको फोरलेन मुख्य सडक मरम्मत कार्य शुरू गरेको छ। निवर्तमान नगरप्रमुख विजय सरावगीको पालामा दुई किलोमिटर कालोपत्र सडक रु दुई करोडको लागतमा निर्माण भएको थियो।

हालै निर्माण भएको सो सडक तीन दशकअघि सडक विभागले निर्माण गरेको एकखण्ड सडकको तुलनामा कमसल बनेको कारण ठाउँ–ठाउँमा खाल्डाखुल्डी छन्। यसैगरी, महानगरका इन्जिनीयरहरूको प्राविधिक त्रुटिका अग्लो भएपछि फोनलेन सडकको १४ वटा युटर्नमा वर्षाको पानी जमेर खाल्डाखुल्डी भएका छन्। यसका साथै त्रुटिपूर्ण डिभाइडर निर्माणका कारण सडक विभागको सडकका केही ठाउँमा ठूलाठूला खाल्डाखुल्डी बनेका र सोको मरम्मत नहुँदा सवारी दुर्घटनाको सम्भावना बढेको छ।

मुख्य सडकको घण्टाघरदेखि पावरहाउस चोकसम्मको फोरलेन सडकमा खाल्डाखुल्डी भएको भनी जनगुनासो बढेपछि मरम्मतसम्भार सडकका थुप्रै ठाउँमा सडक भत्काएर पाइपलाइन जडानको लागि महानगरले स्वीकृति दिएको थियो। सो स्थान पनि अहिले खाल्डाखुल्डी परेको छ, जसले गर्दा सवारीसाधन सञ्चालनमा समस्या भएको छ।

त्यस्तै, महानगरका ३२ वटै वडामा नयाँ सडकहरू पनि भत्काइएको अवस्थामा छन्। भर्खरै निर्माण भएका कालोपत्र, कङ्क्रिट ढलान सडक पनि महानगरले पानीको हाहाकार भएको बेलामा भत्काउन इजाजत दिएको थियो। अहिले ती ठाउँहरूमा पनि मरम्मतसम्भार गरिएको छैन। यसै पनि महानगरले निर्माण गर्ने कालोपत्र सडक गुणस्तरीय नहुने र एक वर्ष पनि मुश्किलले टिकाउ हुने गरेको छ।

यस्तो अवस्थामा खानेपानी संस्थानको पाइपलाइन जडानका लागि महानगरले वडास्तरमा सडक कटान गर्न इजाजत दिएपछि सडकको दुरवस्था भएको हो।

## एक महीनापछि किन ताते वडाध्यक्षहरू

वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पौडेलले गत भदौ २६ गते महानगर र वडा कार्यालयहरूमा खट्दै आएका दैनिक ज्यालादारी र डोर हाजिरीका करीब पौने सात सय कर्मचारीलाई एकसाथ अवकाश दिएको ठीक एक महीनापछि महानगरका वडाध्यक्षहरू सो कार्यविरुद्ध तातेका छन्। प्रमुख प्रशासकीय अधिकृतले दैनिक ज्यालादारी र डोर हाजिरीमा कतिजना कर्मचारीहरू कार्यरत थिए भन्ने विषयमा अहिलेसम्म स्पष्ट खुलासा गरेका छैनन्।

नगरप्रमुख सिंहले ४५० जना दाबी गरेका छन् भने स्रोतले पौने सात सय रहेको दाबी गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महानगरमा कार्यरत स्थायी, करार, अस्थायी कर्मचारीको हाराहारीमा दैनिक ज्यालादारी, डोर हाजिरीमा कर्मचारी खटाएको र ती कर्मचारीहरू जनप्रतिनिधिहरूका आफन्त, कार्यकर्ता मात्र रहेको भनी चासो देखाएपछि प्रमुख प्रशासकीय अधिकृतले कारबाईबाट जोगिन भदौ २६ गते सबैलाई अवकाश दिएका थिए।

एक महीनासम्म अख्तियारको कारबाईको कारण चुप बसेका वडाध्यक्षहरू भने आजदेखि एक्कासि तातेका छन्।

१ देखि ३२ वडा कार्यालयमा सरसफाइ, कम्प्युटर अपरेटर, ट्याक्टरचालक गरी छदेखि सातजना कर्मचारी दैनिक ज्यालादारी, डोर हाजिरीमा खट्दै आएका थिए।

यसैगरी, नगरप्रहरीमा ५० र इन्जिनीयरदेखि कार्यालय सहायकसम्म यही प्रक्रियाबाट कर्मचारीहरू नियुक्त गरिएको थियो। स्रोतको अनुसार एक महीनामा एक करोड ३० लाखभन्दा बढी ती कर्मचारीहरूको तलबमा मात्र खर्च हुने गरेको थियो। अहिले यही कारणले महानगरमा आर्थिक समस्या देखिएको छ।

गत आवको फ्रिज भएको १३ करोड रकम महानगरले गत साउनमा तिरेपछि अनुदान सहयोग आएको थियो। तर अनुदान सहयोगको रकम कर्मचारी तलब सुविधामा खर्च गर्न नपाउने प्रावधानका कारण अहिले दैनिक ज्यालादारी र डोर हाजिरीका कर्मचारीहरूको रकम कोलेनिकाले अनुमोदन गरेको छैन र महानगरलाई दशैंको तलब खुवाउन पनि समस्या भएको छ।

## काम पारदर्शी गर्न कार्यालयहरू मर्ज हुने –मन्त्री यादव

प्रस, वीरगंज, २६ असोज/

मधेस प्रदेशका भौतिक पूर्वाधार




तस्वीरः प्रतीक

विकास मन्त्री कृष्णदेव यादवले मधेस प्रदेश मातहतका कार्यालयलाई भ्रष्टाचारमुक्त र बिचौलियाविहीन बनाउन सरकार लागिपरेको बताएका छन्।

पूर्वाधार विकास कार्यालयको उद्घाटन गर्दै मन्त्री यादवले विगतमा धेरै विकास निर्माण कार्यमा अनियमितता भएको आरोप लागेको र अधिकांश विकास निर्माण कार्यका फाइल अख्तियारले लगेकोले अब हुने विकास निर्माण काम पारदर्शी तरीकाले गर्न कर्मचारीहरूलाई निर्देशन दिए। पर्सामा रहेको शहरी भवन डिभिजन कार्यालय र चन्द्रपुरमा रहेको सडक डिभिजन कार्यालयको काम आजदेखि एउटै कार्यालय पूर्वाधार कार्यालयबाट हुने हुँदा काम छिटो हुने र भ्रष्टाचार पनि न्यूनीकरण हुने दाबी गरे।

मन्त्री यादवले भने, जनताको घरदैलोमा सेवा पुऱ्याउनुपर्ने भएकोले मधेस प्रदेश सरकारले छरिएका कार्यालयहरूलाई एकै मातहतमा राखेर काम गरिरहेको बताए।

उनले अहिले धेरै काम बाँकी रहेको र आवश्यकता अनुसार अन्य कार्यालयहरू पनि मर्ज गर्ने बताए। उनले विगतमा एउटै योजनाको लागि तीनभन्दा बढी कार्यालयबाट भुक्तानी लिइएकोले एउटै कार्यालयबाट काम हुँदा भुक्तानीमा अनियमितता नहुने र काम पनि पारदर्शी हुने दाबी गरे। राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन र नराम्रो काम गर्ने कर्मचारीलाई कारबाई गर्ने उनले बताए।

पूर्वाधार विकास कार्यालय, वीरगंजका प्रमुख दीपक मिश्रको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश सांसदद्वय शङ्कर चौधरी र श्याम पटेल, मन्त्रालयका सचिव अशोक साहलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा मधेस प्रदेश कार्यालयका कर्मचारी तथा नेताहरूको सहभागिता थियो।

हार्दिक मङ्गलमय शुभकामना



विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा मधेस प्रदेशवासीलगायत सम्पूर्ण नेपालीमा हार्दिक मङ्गलमय शुभकामना।



सिंगासन सा कलवार
ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्री
मधेस प्रदेश

## विचारसार र सूक्तिहरू

**सरोकारले हामीलाई सक्रिय बनाउनुपर्छ, अवसादमा धकेल्नुहुँदैन । मानिस आफूमा नियन्त्रण राख्न स्वतन्त्र छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुध्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# लागिरहोस् सरकार

**इजरायलमा रहेका नेपालीको उद्धार शुरू भएको छ । नेपाल एयरलाइन्सको विमानबाट शुक्रवार बिहान २५४ जना नेपाली काठमाडौं आइपुगेका छन् । आफ्ना नागरिकको उद्धारका लागि परराष्ट्रमन्त्री एनपी साउद विमान लिएर इजरायल पुगेका थिए । इजरायलको दक्षिणी भाग तथा गाजा क्षेत्र सीमावर्ती किबुज अलुमिममा प्यालेस्टाइनी लडाकू समूह हमासले गरेको आक्रमणपछि त्यहाँ रहेकाहरू सङ्कटमा परेका थिए । द्वन्द्वग्रस्त जोखिमयुक्त विभिन्न १६ स्थानबाट इजरायलको राजधानी तेल अविवमा स्थानान्तरण गरिएका नेपालीहरूलाई उद्धार गरी स्वदेश ल्याइएको हो । घटना भएको छैटौं दिन पहिलो चरणको उद्धार भएको छ । पहिलो चरणमा उद्धार गरिएकामध्ये अधिकांश इजरायल सरकारले लागू गरेको 'लर्न एन्ड अर्न' कार्यक्रम अन्तर्गत इजरायल पुगेका विद्यार्थीहरू छन् । इजरायलमा रहेका नेपालीहरूको उद्धारका लागि आवश्यकता अनुसार थप विमान पठाइने नेपाल सरकारले जानकारी गराएको छ । टिकट खर्च सरकारले बेहोर्ने नेपाल सरकारको मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ । 'लर्न एन्ड अर्न' कार्यक्रम अन्तर्गत त्रिभुवन विश्वविद्यालय, सुदूरपश्चिम र कृषि विश्वविद्यालयमा कृषि विज्ञान अध्ययनरत २६५ जना विद्यार्थी इजरायल पुगेका थिए । उनीहरूमध्ये १० जनाको हमासले गरेको आक्रमणमा मृत्यु भएको छ भने चारजना घाइते छन् । घाइतेमध्ये एकजना नेपाल फर्किएका छन् भने तीनजनाको उपचार इजरायलमा भइरहेको छ । इजरायल पुगेका विद्यार्थीहरूमध्ये एकजना विद्यार्थी विपिन जोशीको अवस्था अज्ञात छ ।**

**विपिनलाई हमास लडाकूहरूले नियन्त्रणमा लिएर लगेको प्रत्यक्षदर्शी उनका साथीहरूले बताएका छन् । बङ्करमा आश्रय लिइरहेका १७ जना विद्यार्थी भएको ठाउँमा हमासले दुईवटा ग्रिनेड प्रहार गरेपछि एउटा ग्रिनेड विपिनले टिपेर हमासतर्फ नै फर्याँकिदिएको नेपाल आइपुगेका उनका साथीहरूको भनाइ छ । अन्य मुलुकका नागरिकहरूसँगै विपिन पनि हमासको कब्जामा परेका हुन् ।**

**उद्धार भर्खर शुरू भएको छ, सरकार सुस्ताउनुहुँदैन । तत्काल गर्नुपर्ने महत्त्वपूर्ण कामहरू धेरै छन् । सबैभन्दा पहिले अज्ञात रहेका विपिनको जीवनरक्षा गर्नु छ । हमासविरुद्ध इजरायलले गरेको जवाफी कारबाईमा १५ सयजनाभन्दा बढीको ज्यान गइसकेको छ । यसरी ज्यान गुमाउनेमा हमासले बन्धक बनाएका १५० जना रहेको र यसमा इजरायलीबाहेकका विदेशीहरू पनि रहेको बताइएको छ । इजरायली सेनाले उत्तरी गाजा क्षेत्रमा रहेका प्यलेस्टाइनीहरूलाई २४ घण्टाभित्र गाजा छाडेर दक्षिणतर्फ जान निर्देशन दिएको छ । यो अवस्थामा हमासले बन्धक बनाएकाहरूलाई मानव ढालको रूपमा प्रयोग गर्ने प्रबल सम्भावना छ । यस कारण पनि जतिसक्दो छिटो हमाससँग सम्पर्क कायम गरी विपिनको जीवनरक्षाको लागि संवाद गर्न जरुरी छ । योसँगै इजरायलमा ज्यान गुमाएका १० जनाको शव नेपाल ल्याएर आफन्तजनको जिम्मा लगाउनुपर्नेछ । यसैगरी, इजरायलमा रहेका घाइतेहरूको स्वास्थ्य अवस्थाबारे जानकारी राख्ने र उनीहरूलाई निश्शुल्क उपचारको व्यवस्था मिलाउने साथै नेपाल फर्काउने कार्य अर्को महत्त्वपूर्ण काम हो । इजरायलमा करीब पाँच हजार नेपाली छन् । साथीहरूलाई आफ्नै आँखाअगाडि गोली हानेर मारेपछि मानसिकरूपमा कमजोर रहेका विद्यार्थीहरूको लागि मनोपरामर्श जरुरी छ । उद्धार [redacted] भन्ने सबैको चाहना छ ।**

# बुझ्नेले कुरा चपाउँदा समस्याको पहाड खडा भएको छ

नढाँटी भन्ने हो भने यतिबेला नेपाली समाजमा सबैतिर समस्यैसमस्याको पहाड देखिन्छ । के गाउँ, के शहर, के तराई, के पहाड सबै ठाउँमा बेरोजगारीको ताँती छ । महँगीले सबैको घाँटी अठ्याएको छ । गन्हाएको छ सम्पूर्ण देश भ्रष्टाचारको दुर्गन्धले । गाउँगाउँमा रोजगारको सट्टा युवाहरूको हातहातमा राहदानी थमाइएको छ । झन्डै एक करोड युवा जनशक्ति विदेशिन बाध्य पारिएको छ । शिक्षा, सञ्चार, स्वास्थ्य, खानेपानी, सडक, विद्युत् कुनै क्षेत्र दुरुस्त छैन । महिलाहरूलाई शोकेसको वस्तुसरह बनाइएको छ र घरघरमा पितृसत्ताले केवल भोगको वस्तु बनाइ सजाएर राखेको छ । मध्ययुगीन जाति व्यवस्था अझै लहलहाउँदो अवस्थामा छ । कसैलाई भेट्नेबित्तिकै उसको जाति खुल्ने परिचय मागिन्छ । केहीबेर पहिले सन्तुलित र सहजभावमा बसेका मानिसबीच जात खुल्नेबित्तिकै असहजता उत्पन्न हुन्छ । एकछिन पहिलेको मानवीय प्रेम घृणा, द्वेष तथा विषम भावमा बदलिन्छ र ती मानिस कोहीभन्दा कोही ठूला वा साना बन्न पुग्छन् ।

यस्तोमा सवाल उठ्छ– के यो प्रकृतिप्रदत्त समस्या हो ? अथवा निजी स्वार्थले प्रेरित आफूलाई सभ्य तथा पढेलेखेको बुद्धिजीवी ठान्नेहरूबाट सिर्जित हो ?

हामी सबैलाई थाहा छ, कुनै पनि वस्तुको दुईवटा रूप हुन्छ । एउटा बाहिरी, अर्को भित्री । बाहिरको रूपरङ्गले प्रायः भित्रको वास्तविकता लुकाउन तथा सुरक्षित राख्न प्रमुख भूमिका खेलेको हुन्छ । उदाहरणको लागि वीरगंज महानगरपालिका पहिलेभन्दा अहिले निकै सफाजस्तो देखिन्छ । प्रायः साँझ–बिहान शहरभित्रका चिया–कफी पसल पहिलाभन्दा सफा र त्यहाँ छलफल तथा चर्चा–परिचर्चा भइरहेका देखिन्छन् । तर सारमा हेर्दा वीरगंजको सरसफाइ सरसर्ती हेरेजस्तै उन्नत छ त ? सरसफाइ भनेको के हो ? केवल सडकपेटीमा झाडु लगाएर शहर सफा छ भन्न मिल्छ ? शहरलाई प्रदूषित पार्ने तत्त्व सफा गर्नुपर्छ कि पर्दैन ? भ्रष्टाचार गरेर रातारात धनकुबेर बन्ने मानसिकता समाजभित्रको सबैभन्दा ठूलो फोहरको डुङ्गुर हो कि होइन ? आउनुहोस्, यसबारे थोरै चर्चा गरौं ।

सुशासन तथा अनुशासनको सिलसिलामा वीरगंज तुलनात्मकरूपमा पहिलेभन्दा झन्झन् छाडा हुँदै गएको अनुभूति हुन थालेको छ । जहाँसम्म सडकमा धूलो, फोहर, कसिङ्गरको कुरा छ, त्यस अर्थमा वीरगंज पहिलेभन्दा अहिले सफा भएकोमा दुईमत छैन । खासगरी घरबाट निस्कने कचरा–कसिङ्गर, बजारबाट निस्केका फोहरको नियमित व्यवस्थापन जुन महानगरपालिकाले गरिरहेको छ, त्यस अर्थमा वीरगंजमा सफाइको अवस्था सन्तोषजनक छ भन्न कन्जुस्याइँ गर्नुहुँदैन, तर वीरगंज महानगरपालिकाको सफाइको अवस्था यति मात्र बुझ्दा सफाइले पूर्णता पाएको भन्ने कुरा आंशिक मात्र सत्य हो । यो कुनै व्यक्तिविशेषप्रति लक्षित आग्रह वा पूर्वाग्रह होइन । वास्तवमा यतिबेला वीरगंज महानगरपालिका मात्र होइन, सबै नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकाहरू एक प्रकारको प्रदूषित वातावरणको शिकार भइरहेका छन् भन्दा अत्युक्ति नहोला । हामी सबैले बुझेकै कुरा हो, नेपाल सार्वभौमसत्ता सम्पन्न मुलुक हो । यहाँ कानूनको शासन छ । नागरिक र सरकार दुवैको आआफ्नो अधिकार र कर्तव्य छन्, जसको उल्लङ्घन गर्न कुनै पक्षलाई छुट छैन । यति हुँदाहुँदै पनि के राज्य र नागरिकले आआफ्नो जिम्मेवारी पूरा गरेका छन् ? यदि गरेका छन् भने नेपाली समाजमा तलदेखि माथिसम्म व्याप्त संस्थागत भ्रष्टाचार कुन जिम्मेवारी, अधिकार र कर्तव्यभित्र पर्छ ? कुनै पनि गाउँपालिकालाई नगरपालिका बन्न वा नगरपालिकालाई उपमहानगरपालिका अथवा महानगरपालिका बन्न ऐन कानूनबमोजिम तोकिएको मापदण्ड पूरा गर्नुपर्ने हो कि होइन ? के यी मापदण्ड पूरा भएर शहरहरूको वर्गीकरण गरिएको हो ?



**स्वतन्त्र विचार**

**बैधनाथ श्रमजीवी**

baidhnath2071@gmail.com

> **संसद्मा भएका सबै पार्टी भ्रष्टाचारको मामिलामा एउटै डयाङका मूला हुन् । तर पनि हामी भनिरहन्छौं फलानोभन्दा फलानो ठीक । पार्टीभन्दा स्वतन्त्र ठीक । नेताभन्दा राजा ठीक । अर्थात् जनता आफैं भ्रमित छ । यो अवस्था तोडिनुपर्छ ।**

वास्तवमा यतिबेला बजारको अवस्था हेर्दा लाग्छ फगत कागजी प्रक्रियाबाहेक केही पूरा गरिएको छैन । यदि यस्तो नहुने हो भने हाम्रा सुन्दर ऐतिहासिक शहरहरू किन दिन प्रतिदिन कुरूप बन्दै गइरहेका छन् ? शहरभित्र हेर्दा किन सबैतिर अव्यवस्थालाई निकै मिहिनेत गरेर सजाइएकोजस्तो देखिन्छ ? उदाहरणका लागि जताततै तोरीको गेडा जस्तै छरिएका पसल, औषधिपसलहरू वा डाक्टर साहबहरूको क्लिनिक तथा निजी अस्पतालहरूकै कुरा गरौं । आजको आधुनिक युगमा डाक्टर भनेपछि पढेलेखेका, बुद्धिजीवी र मृत्युको मुखमा पुगेका बिरामीको जीवन बचाउने सेवा कार्यमा संलग्न प्रतिष्ठित व्यक्ति बुझिन्छ । हिजोसम्म विशेष प्रकारको विज्ञान प्रविधिमा आधारित स्वास्थ्य उपचारका लागि अहिले काठमाडौं, पटना वा दिल्ली धाउनुपर्ने अवस्था सकिँदै गएको छ । राम्रो सीप र उच्च दक्षता भएका विशेषज्ञ डाक्टरहरू तथा निजी अस्पताल वीरगंजमैं उपलब्ध हुनु खुशी र गर्वको कुरा हो । एउटा डाक्टर निकै लामो समयसम्म अध्ययन अभ्यास गरेर डाक्टर बनेको हुन्छ । त्यसमाथि झन् नेपाल मेडिकल काउन्सिलको परीक्षासमेत पास गर्नुपर्छ । नेपाल मेडिकल काउन्सिलले एउटा कोड अफ कन्डक्ट बनाएको छ, जसमा डाक्टरहरूले आफ्नो साइनबोर्डको साइज र त्यसमा प्रयोग गर्ने मसीदेखि के कस्ता कुराहरू लेख्न हुन्छ र हुँदैन भन्ने पनि थाहा भएकै कुरा हो, तर यतिबेला ती कुराको कुनै ख्याल नगरी सिनेमाहलमा चलिरहेको फिल्मको पोस्टरजस्तै रङ्गीचङ्गी ठूला–ठूला अक्षरमा साइनबोर्डहरू शहरभरि झुन्डिएका देखिन्छन् । सुन्दर शहरको सुन्दरता साइनबोर्डभित्र हराएको प्रतीत हुन्छ । शहरलाई सुन्दर सफा बनाउने अभिभारा आम नागरिकको जस्तै एउटा डाक्टरको पनि हो कि होइन ? उपचार गराउन आएको बिरामीलाई एक्स–रे, भिडियो एक्स–रे, प्याथोलोजी ल्याब, एमआरआई, चश्मा आदि सम्बन्धित कामको लागि कुनै निश्चित स्थान तोकेर पर्चा दिने वा आफ्नो मान्छे लगाएर उक्त ठाउँमा पठाउने जुन काम भइरहेको छ, के यो उचित हो ? यही हो पढेलेखेका बुद्धिजीवीहरूको जिम्मेवारी र नैतिकता ? यसले शहरप्रतिको मनोविज्ञान नै रुग्ण, विषाक्त तथा धूमिल बनाउँछ कि बनाउँदैन ? यस्तो शहरिया फोहर सफा गर्ने निकाय किन सधैं मौन देखिन्छ ?

हाम्रो समाजमा बच्चा र बिरामी एउटै अवस्थामा भेटिन्छन् । यिनीहरू दयाका पात्र हुन् र यस्ता बिरामीलाई समेत ठग्न खोज्ने मनोविज्ञानलाई कसरी राम्रो भन्ने ? एउटा गरीब बिरामीले डाक्टरले भनेको ठाउँमा मेडिकल चेक नगराउँदा सो रिपोर्टलाई डाक्टरहरूले मान्यता दिंदैनन् । उसले भनेकै ठाउँमा गराउनुपर्ने किन ? कमिशनबाहेक अरू के छ यसको कारण ? के बाँकीका ठाउँ कमसल हुन् ? यदि हुन् भने ती ठाउँमा प्रशासनिक कारबाई हुनुपर्‍यो । त्यसलाई बन्द गराउनुपर्‍यो । होइन भने यस्तो कमिशन खाने प्रवृत्तिमाथि कारबाई हुन जरुरी छ कि छैन ? शहरको सौन्दर्य हरण गर्ने यस्तो प्रवृत्तिमाथि कहिलेदेखि कसले झाडु लगाउने ?

हामी सबैलाई थाहा छ, आँखा हाम्रो शरीरको महत्त्वपूर्ण अङ्गमध्ये एक हो । "आँखा छ भने सबै छ, नत्र केही छैन" यो भनाइ सबैले सुनेकै हो । पहिले आँखासम्बन्धी बिरामीलाई नारायणी अस्पतालले मात्रै सेवा दिन्थ्यो, अहिले दर्जनको हाराहारीमा आँखा अस्पताल र क्लिनिक वीरगंजमा सञ्चालन हुनु खुशीको कुरा हो । आँखा अस्पतालहरूको गुणस्तरको कुरा गर्ने हो भने सीमापारिका भारतीय बिरामीसमेत उपचार गर्न आउनुको अर्थ पक्कै पनि हाम्रो सेवा राम्रो भएर हो । प्रायः अस्पतालभित्र प्राङ्गणमा चश्मापसल पनि हुन्छन् । बिरामीहरूले एकै ठाउँमा सबै कुरा पाउनु राम्रो कुरा हो तर कुनै पनि बिरामीलाई त्यही खास पसलबाट चश्मा लिनु वा त्यहींको औषधिपसलबाट औषधि लिनु भनेर बाध्य पार्ने काम कतिको उचित हुन्छ ? पसलहरूमा विभिन्न ब्रान्डका चश्मा देखाउने, ब्रान्डको गुण सम्झाउने र ग्राहकसँग मोटो रकम असुल्ने काम हुन्छ, जबकि ब्रान्डेड कम्पनीको नाम लेख्न वा प्रचार गर्न उक्त कम्पनीको स्वीकृति/डिलरशिप चाहिन्छ । यसरी एउटा बिरामीलाई ठग्ने जुन काम भइरहेको छ, त्यसमा झाडु लगाउने जिम्मेवारी कसको ? के यसले हाम्रो शहरलाई सुन्दर बनाएको छ ?

अहिले हाम्रो बजार ज्यान–प्राण सिद्धिन लागेको निरीह प्राणीजस्तो हुन पुगेको छ । दिनभरि ग्राहक कुरेर पसलेहरू बस्छन्, पसलको किराया र कर्मचारी खर्चसमेत निकाल्न गाह्रो भइरहेको अवस्था छ । बजार मन्दीले ग्रस्त छ भने अर्कोतर्फ दशैं दैलोमा आइसकेको छ । दशैंको अवसर पारेर व्यापारीहरू कृत्रिम अभाव सृजना गर्ने, मूल्यवृद्धि गर्ने तथा नक्कली मिसावटयुक्त मालसामान बिक्री गरेर सर्वसाधारणलाई लुट्ने काम गर्न तम्तयार भएर बसेका छन् । रेडियो तथा सञ्चारमाध्यमहरूद्वारा सरोकारवाला निकायले बजार अनुगमनको जति हल्ला चलाए पनि त्यो 'हात्ती आयो हात्ती आयो फुस्सा' भन्दा बढी हुन सकेको छैन ।

हाम्रो बजारको अवस्था यति धेरै खराब छ कि प्रायः कुनै पनि पसलले सामान बेचेपछि कच्चा बिल दिन्छ । त्यो पनि झर्केर बोलेपछि मात्रै दिन्छ । सकेसम्म बिलविनाको सामान दिएर पठाउँछ । भ्याट बिल माग्दा ग्राहकलाई बिल लिए थप १३ प्रतिशत रकम तिर्नुपर्छ भन्छ । प्रायः पसलहरूमा मूल्यसूची राखेको पाइँदैन । यदाकदा कसैले राखेको भएपनि नदेखिने ठाउँमा केवल औपचारिकताको लागि झुन्ड्याएको देखिन्छ । एउटै वस्तुको मूल्य पसलपिच्छे फरकफरक भेटिन्छ ।

सबैलाई सधैं चाहिने नूनजस्तो अत्यावश्यक खाद्य सामग्रीसमेत साल्ट ट्रेडिङले निर्धारण गरेको मूल्यमा कुनै पसलमा पाइँदैन । बस काउन्टरबाट टिकट काट्दा बढी तिनुपर्ने र बाहिर सस्तोमा पाइने किन हुन्छ ?

यस प्रकार हाम्रो शहर सम्पूर्णरूपमा फोहरै फोहरको शिकार भएको सजिलै अनुभूति गर्न सकिन्छ । वास्तवमा देश नै भ्रष्टाचार, अनियमितता, गैरजिम्मेवार, अराजकताको फोहरभित्र हराइसकेको छ । देशमा विद्यमान दलाल पूँजीवादी व्यवस्थाले नै यी सबै प्रकारका प्रदूषणलाई संस्थागतरूपमा जन्माएको–हुर्काएको र संरक्षण तथा संवर्द्धन गरेको कुरामा दुईमत छैन । हामी सबैले बुझ्नुपर्ने कुरा के हो भने जबसम्म यो दलाल पूँजीवादी व्यवस्थालाई जरैबाट उखेलेर फालिंदैन, तबसम्म सभ्य मानवतावादी समाज निर्माण गर्न सकिंदैन । हामीमध्ये प्रायः सबैलाई थाहा छ, देश चलाउने सबै तहका नेताहरू पूँजीवादी व्यवस्थाका दलाल हुन् । उनीहरू अपवादबाहेक सबै भ्रष्टाचारी हुन् । पद र पैसाको लागि यी जे पनि गर्न सक्छन् । संसद्मा भएका सबै पार्टी भ्रष्टाचारको मामिलामा एउटै डयाङका मूला हुन् । तर पनि हामी भनिरहन्छौं फलानोभन्दा फलानो ठीक । पार्टीभन्दा स्वतन्त्र ठीक । नेताभन्दा राजा ठीक । अर्थात् जनता आफैं भ्रमित छ । यो अवस्था तोडिनुपर्छ । यी सम्पूर्ण कुरा बुझेर पनि जनता यही दलाल पूँजीवादी व्यवस्था र यसका मतियार; भ्रष्टाचारी, संसद्वादी दल तथा नेताहरूबाटै देशको विकास तथा समृद्धि हुने सपना देख्छ भने यो गधालाई साबुनपानीले धोएर गाई बनाउने र त्यही ब्याएपछि दूधभात खाने सपना देख्नुजस्तै हो । अर्थात् वर्तमानमा बुझ्नेले कुरा चपाएर निल्दा सबैतिर समस्याको पहाड खडा भएको छ ।

# तीन नेपाली चलचित्र प्रदर्शनमा

काठमाडौं, २६ असोज/रासस

शुक्रवारदेखि तीनवटा नेपाली चलचित्र प्रदर्शन भएका छन् । फरक परिवेश र विषयवस्तु समेटिएका ती चलचित्रले दर्शकलाई आकर्षित गर्ने विश्वास निर्माण पक्षको छ । 'परदेशी २', 'बासेन्जी' र 'कौसीद'का लक्षित दर्शकसमेत फरक रहेको निर्माण पक्षको भनाइ छ ।

'गोर्खा पल्टन' र 'परदेशी'जस्ता सफल चलचित्रको निर्देशन गरिसकेका निर्देशक नारायण रायमाझीले निर्देशन गरेका तेस्रो चलचित्र हो– 'परदेशी–२' हो । अध्ययनका लागि विदेशिएका युवाको सङ्घर्ष र त्यसबाट सिर्जित पारिवारिक एवं सामाजिक संवेदनालाई आधार बनाएर तयार गरिएको चलचित्रले गाउँ र समाजकै कथा व्यक्त गर्ने उनले जानकारी दिए ।

निर्देशक रायमाझीले भने, "हामीले आफ्नै परिवेश र संस्कृतिलाई पर्दामा ल्याउनुपर्छ । आफ्ना कथा विश्वलाई देखाउनुपर्छ । मेरा चलचित्रले हाम्रै परिवेशको कथा व्यक्त गरिरहेका हुन्छन् ।"

राजेश वंशलले निर्माण गरेको उक्त चलचित्रमा प्रकाश सपूत, वर्षा सिवाकोटी, केकी अधिकारी, प्रशान्त तामाङ, दिलीप रायमाझी, नीर शाह, रमा थपलिया, सविन बाँस्तोला, देवेन्द्र बब्लु, रोशनी कार्कीलगायत कलाकारले अभिनय गरेका छन् ।

आजैदेखि प्रदर्शनमा आएको चलचित्र 'कौसीद'मा इमानदार शिक्षकले भोगेका पीडा देखाइएको निर्देशक कुमार भास्करले जानकारी दिए । उनले भने, "मैले एउटा इमानदार शिक्षकले के कस्ता समस्याबाट आफूलाई अगाडि बढाउन बाध्य हुन्छ भन्ने देखाएको छु । मैले चलचित्रमा उठाएको विषय केही अगाडि सडकमा समेत देखियो ।"

चलचित्रमा अभिनेता भोलाराज सापकोटा, अभिनेत्री ऋचा शर्मा, रूपेश दाहाल, परीक्षित विक्रम राणा, सदीक्षा गौतम, निर्भीक भट्टराई, सागर भट्टराई,

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# केही भारतीय लघुकथाको परिचयात्मक विश्लेषण

मकवानपुरबाट प्रकाशित लोकभावना वैचारिक तथा साहित्यिक त्रैमासिक पत्रिकाको ६१औं अङ्क लघुकथा विशेषाङ्कको रूपमा प्रकाशित छ। यसमा करीब पाँच दर्जन लघुकथाकारका दुई/दुई वटा लघुकथाहरू प्रकाशित छन्। यिनै कथाकारहरूमध्ये केही भारतका पनि छन्। यस विशेषाङ्कमा सञ्जीव निगम, राजेन्द्र परदेशी, कुञ्जदेवी उपाध्याय, गीताश्री शर्मा, अम्बिका अश्रु, देवीचरण सेढाई, मिलन बोहरा तथा हन्नाह क्षेत्रीका लघुकथाहरू प्रकाशित छन्।

सञ्जीव निगमको लघुकथालाई अनुपमा कट्टेलले अनुवाद गरेकी छन्। लघुकथाको शीर्षक हो– सरकारी नटुवाको बोध। एकजना सरकारी कर्मचारीले आफूलाई चटक देखाएर वा यस्तै पेशा अपनाएर गुजारा गर्ने गरेको जस्तै दृश्य देखेर आफू पनि त्यस्तै नटुवा भएको बोध गरेको कथा छ। यसैगरी, कट्टेलले नै हिन्दी भाषाबाट अनुवाद गरेको लघुकथा हो– साप्ताहिक अवकाश। यस लघुकथाका मूल लेखक हुन्– राजेन्द्र परदेशी। यस लघुकथामा सरकारी कर्मचारीलाई हप्तामा एक दिन बिदा हुने गरेको तर अन्य श्रमिकलाई छुट्टी हुने नगरेको बताइएको छ। एकजना रिक्शाचालकले सरकारी कर्मचारीले रिक्शा लैजानलाई भन्दा उनी आफू एकछिनको लागि छुट्टीमा बसेको बताउँछन् र यही कुरामा सरकारी कर्मचारी पात्र सहमत हुन्छन्।

कुञ्जदेवी उपाध्यायको लघुकथाको शीर्षक हो– मुखौटो। घरमा पत्नीप्रति नराम्रो व्यवहार गर्ने तथा छोरी जन्माएकोमा अत्याचार गर्ने पुरुषले नारी दिवसमा नारी सम्मानको पक्षमा भाषण गरिरहेको देखाइएको छ। यसबाट पुरुषको नारीवादी मुखौटो उघारिएको स्पष्ट भएको छ। अर्को लघुकथाको शीर्षक हो– अन्धविश्वास। यस लघुकथामा गाउँसमाजमा विद्यमान अन्धविश्वासको पनि निरीक्षण हुनुपर्ने बताइएको छ।

गीताश्री शर्माको पहिलो लघुकथा हो– आमाको मन। यो लघुकथा निकै घतलाग्दो छ। 'छ पैसा सबै मेरा, छैन पैसा कोही छैन मेरा' भन्ने प्रवृत्तिलाई यसमा देखाइएको छ। आमालाई पैसाको लागि सेवा गर्ने स्वार्थी प्रवृत्तिको पर्दाफाश यसमा गरिएको छ। अर्को कथा हो सपना– लघुकथाभन्दा पनि कथाको विषयवस्तु भएको यस लघुकथाको कथानक ठूलो रहेको छ। जसको कोही हुँदैन, उसको भगवान् हुन्छ भन्ने उखानलाई यस लघुकथाले चरितार्थ पारेको छ।

अहिले धेरै मानिसमा 'मुखमा राम राम बगलीमा छुरा' प्रवृत्ति देखिएको छ। लघुकथाकार जीविका अश्रुको लघुकथा 'दुईगोडे स्याल'ले यही प्रवृत्तिको चिरफार गर्छ। फेसबूकमा मित्रता भएको र एउटा साहित्यिक कार्यक्रममा भेटघाट भएको बुद्धिजीवीले म पात्रको घरसम्म छोड्न जाँदा उसैप्रति कामुक दृष्टिले हेरेको र उस्तै शब्दहरू प्रयोग गरेकाले म पात्रले


समीक्षा



सञ्जय मित्र

mitrasanjay41@gmail.com


दुईगोडे स्यालरूपी धूर्तलाई लखेट्न उपाय गरेको बताइएको छ। 'मीठो कल्पना' लघुकथामा म पात्र यात्रा गर्दा कुनै पुरुषको सान्निध्य पाएको सपनामा देखेकी छ तर जब निद्रा खुल्छ, तब एकजना वृद्ध महिलाको जीउमा ढल्केको पाउँछ। पुरुषको जीउमा ढल्केको कल्पनालाई मीठो कल्पना बताइएको छ।

देवीचरण सेढाईंको पहिलो लघुकथा हो– मृत्युदूत। यात्रा गर्दा हावाहुरी चलेको र सोही बखतमा पहाडबाट एउटा ढुङ्गो झरेर गाडीमा लागेको जसले गर्दा केही मानिसको मृत्यु भएको र धेरै मानिस घाइते भएको विषयवस्तु यसमा रहेको छ। त्यही हावाहुरीलाई मृत्युदूतको संज्ञा यसमा दिइएको छ। सेढाईंको अर्को लघुकथा हो– दागबत्ती। सानैमा टुहुरो भएको बालकले निकै सङ्घर्ष गरेर सम्पत्ति आर्जन गरी मानसम्मान पनि कमाएको थियो। संसारमा कोही पनि नभएको एक महिलाको मृत्यु हुन्छ। उनको दागबत्ती दिने कोही नहुँदा सबैतिर चासोको विषय भइरहेको अवस्थामा पहिलेको टुहुरो युवकले नै यो सम्मान प्रदान गर्छ। शुरूमैं दर्शनको प्रयोग यस लघुकथामा भएको छ।

मिलन बोहोरा चर्चित साहित्यकार हुन्। आख्यानको क्षेत्रमा झन् चर्चित बोहोराको पहिलो लघुकथा हो– मौन रहस्य। इच्छाविपरीत रूपाको विवाह रूपकसित हुन्छ। रूपक दिनहुँ केटी फेरिरहने धनी युवक हो। रूपाको छोरो जन्मिएपछि रूपकले अर्कोसित बिहे गरी एक दिन अस्पताल जचाउन जाँदा चिकित्सकले सबै परीक्षण गरी रूपक बुबा बन्न सक्ने सामर्थ्य नै नभएको नतीजा सुनाउँछ। उता रूपाबाट जन्मेको छोरोप्रति शङ्का हुन्छ। फेरि आफ्नो उत्तराधिकारी पनि चाहिएको छ। कथाकारले रूपाले जन्माएको छोरो पूवप्रेमीको भएको रहस्यबाट पर्दा उघारिदिएका छन्। बोहोराको अर्को लघुकथा हो– समयको खेल। पहिले घृणा गर्ने र झगडा भएको मानिसले नै रगत चाहिएको बेलामा रगत दिएर मृत्युको मुखबाट जोगाइदिएको विषयवस्तु यसमा रहेको छ।

हन्नाह क्षेत्रीका दुई लघुकथामध्ये पहिलो हो– भदौरे झरी। भदौमा फेरि एक दिन झरी परेको र त्यस झरीले फेरि कुनै परिवारमा रुवाबासी ल्याउने कुरा म पात्रको मनमा परेको छ। झरीको आवाजबाट जोगिन झ्याल बन्द गरेको भएपनि आउन नछोडेको दर्शाइएको छ। अर्को लघुकथा हो– सेतो कपाल। आमाको फुलेको सेतो कपालसँगै लामो इतिहास रहेको र आफ्नो पनि कपाल सेतो भएर फुल्न थालेको सन्दर्भलाई आमाले आशीर्वादको दृष्टिले हेर्नुपर्ने आग्रह यसमा रहेको छ। विषम परिस्थितिलाई पनि आमाले आशीर्वादको मोड ल्याउने कुरा यसमा वर्णन गरिएको छ। संवादबाट शुरू भएर संवादैमा समापन भएको यस लघुकथाको कथानक, उत्थान, सङ्घर्ष तथा उद्देश्य र पात्रको प्रवृत्ति संवादमैं आएको छ।

भारतीय लघुकथाकारका यस विशेषाङ्कमा प्रकाशित रचनाहरूको आधारमा भन्नुपर्दा भारतीय लघुकथाको कथानक लामो हुने गरेको तथा लघुकथाको भन्दा कथाको कथानक पाइन्छ। नेपालमा नेपाली लघुकथाले जुन शैली अपनाइसकेको छ, त्यसभन्दा अलिक फरक पुरानै कथ्यशैलीमा भारतीय लघुकथाहरू रहेका छन्। अधिकांश लघुकथाको स्वरूप कथाको संक्षिप्त रूप जस्तो भएको देखिएको छ। लघुकथालाई कथाबाट फरक छुट्याउने जुन आधारहरू रहेका छन्, ती तत्त्वहरूको केही अभाव रहेको भारतीय लघुकथामा वर्णनात्मकताको सघनता रहेको देखिन्छ।

यस विशेषाङ्कको आधारमा भन्नुपर्दा भारतीय नेपाली लघुकथाको क्षेत्रमा नारी सर्जकको उपस्थिति सम्मानजनक देखिन्छ। लघुकथामा नारी विषय पनि सबैभन्दा बढी आएको छ। सामाजिक विषयवस्तुमा भारतमा बढी कथाहरू लेखिने गरेको यसबाट पुष्टि हुन आउँछ।

लोकभावनाको यो अङ्कमा विभिन्न प्रवृत्तिका र विभिन्न भूगोलका नेपाली लघुकथाहरूको अध्ययन गर्ने अवसर रहेको छ। यसबाट समग्र नेपाली लघुकथाको प्रवृत्ति, विषयवस्तु तथा लेखनशैली आदिबारे सजिलै बुझ्न सकिन्छ। नेपाली साहित्यमा अत्यन्त शक्तिशाली भएर देखा परिरहेको लघुकथाको वर्तमानबारे बुझ्न यो विशेषाङ्क विशेष उपयोगी हुने देखिएको छ। यस पत्रिकाका प्रकाशक/सम्पादक नानीमैया अधिकारीले लघुकथाका पाठक तथा विश्लेषकलाई यस अङ्कमार्फत एउटा अवसर प्रदान गरेकी छन्। यस अर्थमा पनि पत्रिकै भएपनि यो अङ्क विशेष बन्न पुगेको छ र यो अङ्क लघुकथाका पारखीहरूका लागि सङ्ग्रहणीय बन्न पुगेको देखिएको छ।


# स्मार्टटिभीलाई कसरी सफा गर्ने ?

अहिले हाम्रो घरमा प्रायः सबै विद्युतीय उपकरण स्मार्ट भइसकेका छन्। पहिले घरमा साधारण टिभी हुने गर्थ्यो तर अचेल स्मार्टटिभी, एलइडी, एलसिडी छन्। यस्ता उपकरणको हेरचाह पनि सावधानीपूर्वक गर्नुपर्छ।

स्मार्टटिभी, एलइडी र एलसिडीको स्क्रिनमा धूलो जम्ने, औंलाको छाप लाग्ने आदि हुने गर्छ। तसर्थ समयसमयमा सफाइ गर्नुपर्छ। स्मार्टटिभी, एलइडी र एलसिडी, ओएलइडीको स्क्रिन निकै कोमल हुन्छ। तसर्थ सफा गर्ने बेलामा कुनै गलती भएमा स्क्रिन खराब हुन सक्छ।

स्मार्टटिभीलाई कहिल्यै टिशू पेपर वा तौलियाले सफा गर्नुहुँदैन किनभने यसमा रहेका फाइबरले टिभीको स्क्रिनलाई नोक्सान पुऱ्याउँछ। तसर्थ माइक्रोफाइबर कपडाको प्रयोग गर्नुपर्छ। माइक्रोफाइबर कपडाले सजिलै औंलाको डाम र फोहर सफा गर्छ भने स्क्रिनमा पनि कुनै नोक्सान पुऱ्याउँदैन।

स्क्रिन सफा गर्ने बेलामा दबाब दिएर सफा गर्नुहुँदैन किनभने यसबाट स्क्रिन डयामेज हुन सक्छ। हलुका हातले सफा



गर्नुपर्छ।

टिभीको स्क्रिनमा कहिल्यै कुनै क्लिनिङ सोल्युशन स्प्रे प्रयोग गर्नुहुँदैन। स्प्रेलाई पहिले लिन्ट फ्री कपडा वा माइक्रोफाइबर कपडामा छर्नुपर्छ र त्यसपछि हलुका हातले सफा गर्नुपर्छ। सीधैं स्क्रिनमा स्प्रे गरेर सफा गर्दा स्क्रिनमा कालो धब्बा जस्तो दाग बस्न सक्छ।

# त्यस कारण महाअपराध भन्न मिल्छ कि मिल्दैन ?

"हेलो दाइ, के एउटा झिनोमसिनो हत्याको घटना तपाईंहरूसँग समाधान हुँदैन ?" अपराधीले आफ्नूनिकट दलपतिसँग फोन संवाद गरिरहेको थियो। प्रतिउत्तरमा दलपतिले भने, "हत्याजस्तो घटनालाई झिनोमसिनो भन्छौ तिमी त र यहाँ हाम्रो दलको चौतर्फी मानमर्दन भइरहेको छ। दलभित्र पनि तिम्रो हर्कतविरुद्ध स्वरहरू गुञ्जिरहेका छन्। सञ्चारमाध्यमहरूले एकपछि अर्को गरी तिम्रो कर्तुत र परिवारको बिलौना उजागर गरिरहेका छन्। त्यस कारण अहिले जेजस्तो भइरहेको छ, स्वीकार गर। समयको प्रतीक्षा गर। समय आएपछि चुटकीमा समाधान हुन्छ। विश्वास गर, तिमी मुक्त हुन्छौ।"

के उपरोक्त काल्पनिक संवादझैं अपराधी र ओहोदाधारीबीच यसैगरी संवाद नहुँदो होला त ? के उपरोक्त संवादलाई अन्यथा मान्न सकिन्छ ? के शक्तिमानहरूको खाने दाँत र देखाउने दाँत भिन्दै छैन ? के शक्तिमान बनाउने जनताले शक्तिमानहरूको बाहिरी र आन्तरिक आवरणमा भिन्नता महसूस गरिरहेको छैन ? हे राम ! कागजका पानामा शासन व्यवस्था जतिपटक फेरिए पनि अवस्था फेर्न नसकिंदो रहेछ। 'जति जोगी आए पनि कानै चिरिएका' भन्ने उक्ति चरितार्थ हुने अवस्था निरीह जनताले कहिलेसम्म भोग्नुपर्ने हो ?

नेपालगंजका चेतन मानन्धरको हत्या अभियोगमा रिगल भनिने योगराज ढकाल जेल परे। विसं २०८० को संविधान दिवसको अवसरमा १२ वर्ष जेल सजाय माफी पाए। मुक्त भए। सजाय माफीको विरोधमा मृतककी भावविह्वल पूर्वपत्नी भारती शेर्पा अहिले अनशनमा छिन्। हत्या अभियोगमा छुटेका अपराधीहरूको विरोधमा अन्य पीडित परिवारहरू पनि भारतीसँगै अनशन बस्ने तयारीमा रहेका समाचारहरू आइरहेका छन्। के यहीं हो गणतान्त्रिक व्यवस्था ?

**समाज र अपराध**

व्यक्ति–व्यक्ति मिलेर समाज बन्छ। समाजमा सबै थरीका मानिसहरू हुन्छन् नै। कोही राम्रो काम गरी आफूसँगै परिवार, गाउँ, शहर र राष्ट्रलाई गौरवान्वित गर्छन् भने कोही आपराधिक काम गरी सामाजिक सुव्यवस्थालाई बदनाम गर्छन्। अपराधलाई नियमन र नियन्त्रण गर्नको लागि प्रहरी, प्रशासन, न्यायालय आदि विविध निकायहरू क्रियाशील छन्।

सामाजिक सुव्यवस्था कायम राख्नको लागि नियम, कानूनको पालना गर्नु गराउनु अनिवार्य आवश्यकता अन्तर्गत पर्छ। स्थापित कानूनी मूल्य–मान्यताको परिधि उल्लङ्घन गर्ने व्यक्तिलाई कानूनले अपराधी ठान्छ। चाहे त्यो व्यक्ति सर्वोच्च पदधारी होस् वा भुइँमान्छे। कानूनतः एकातर्फ राम्रो कार्य गर्नेलाई प्रोत्साहित गर्ने व्यवस्था छ भने कानूनविरुद्ध कार्य गर्नेलाई दण्डित गर्ने प्रावधान छ। अपराधीलाई कानूनबमोजिम सजाय गर्दा अरूका लागि पाठप्रदत्त हुन्छ। अपराध गर्नुहुन्न भन्ने सन्देश समाजमा प्रवाहित हुन्छ। आपराधिक क्रियाकलाप गर्न हतोत्साहित हुन्छन्। यद्यपि अपराधीलाई माफी दिने व्यवस्थाले समाजमा गलत नजीर स्थापित हुन्छ र अपराध अनियन्त्रित हुन सक्छ।

**मानव सभ्यता**

कालान्तरमा मानव सभ्याताको सुरुआत भएपछि विभिन्न कारणहरूले सामाजिक सुव्यवस्था अपरिहार्य ठानियो। त्यसका लागि विभिन्न कालखण्डमा समयअनुकूल सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ। समाजलाई दिशानिर्देश गर्नका लागि धार्मिक, नैतिक, सामाजिक र व्यावहारिक आदि अनेक प्रकारका मूल्य–मान्यताहरू अस्तित्वमा आए। आफूले


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


मान्ने धर्मले निषेध गरेका कार्य अपराध मानिन्थ्यो। जस्तै हत्या, हिंसा, असत्य वचन, अरूको कुभलो आदि इत्यादि। कालान्तरमा सत्यवादीलाई देव र अपराधीलाई राक्षस भन्ने गरिन्थ्यो।

असामाजिक तत्त्वहरूलाई दीक्षित गरी संस्कारवान् बनाउने परम्परा थियो। सामाजिक समस्या समाधान गर्ने नेतृत्व असल छविका व्यक्तित्वहरूको काँधमा हुन्थ्यो। अनौपचारिक नै भए तापनि उनीहरूले असामाजिक गतिविधिहरूको अवलोकल, निर्क्योल, सुधार तथा दण्ड–जरिवाना आदि विभिन्न तरीकाले न्याय निरूपण गर्थे।

**विविध निकायहरूको उत्पत्ति**

समयक्रमसँगै सामाजिक सुव्यवस्था कायम राख्नका निम्ति प्रहरी, प्रशासन, न्यायालय आदि विविध निकायहरूको आवश्यकता महसूस हुन थाल्यो र अस्तित्वमा आउँदै गए। यद्यपि अधिकांश विवाद पञ्चायतीको माध्यमबाट गाउँघरमैं समाधान हुन्थ्यो। गाउँघरमा समाधान नहुने प्रकृतिका विवादहरूको सवालमा असन्तुष्ट पक्ष प्रहरीको शरणमा वा जटिल प्रकारका न्यून विवादहरू अदालतसम्म पुऱ्याइँथ्यो।

पञ्चायती व्यवस्थामा प्रधानपञ्चहरूको नेतृत्वमा विवाद निरूपण हुन्थ्यो। पञ्चायतीको माध्यमबाट पीडित र पीडकको कुरा सुन्ने, समाधान गर्ने तथा पीडितलाई क्षतिपूर्ति र पीडकलाई दण्ड–सजाय गर्ने अवधारणा थियो। पञ्चायतीद्वारा निरूपण हुने न्यायको कानूनी वैधता थिएन। यद्यपि, सामाजिक निर्णयलाई आत्मसात गर्ने वातावरण समाजमा व्याप्त थियो।

नेतृत्व तहमा बेइमानहरूको हालीमुहाली हुन थालेपछि पहुँच नभएका सामान्य नागरिक पञ्चहरूको शोषण, डर–धम्की, विभेद र काखापाखाको शिकार हुन थाले। सत्यलाई असत्य र असत्यलाई सत्य साबित गर्ने पञ्चायतीपथको स्वरूप विकृत हुँदै गयो। अहिले पनि अदालतले गरेको फैसलामाथि टेकेर आफ्नूनिकट पक्षको साथ र विपक्षलाई तर्साउने, धम्क्याउने परम्परा न्यून भए तापनि अस्तित्वमा छ।

पक्ष र विपक्षको तेजोबल अनुसार पञ्चायतीको धार प्रवाहित हुन्थ्यो। कमजोर मानिसहरूले न्याय पाउनु गाह्रो थियो। झैंझगडा, चोरी, साँध सिमानासम्बन्धी विवाद मात्र होइन, अपितु आत्महत्या, सुनियोजित हत्या र बलात्कार जस्ता जघन्य अपराधका अधिकांश घटना पञ्चायतीको माध्यमबाट गाउँघरमैं रफादफा गरिन्थ्यो। पीडक आफ्नूनिकट भए पीडितलाई जरिवाना र पीडकलाई उन्मुक्ति दिने विकृतिले पञ्चायती प्रक्रियाप्रति जनविश्वास घट्दै गयो। 'जिसकी लाठी उसकी भैंस' भनेझैं पीडित पक्षमाथि झन् पीडा थप्ने र सत्तानिकट पीडक छाती फुलाएर हिंड्ने कुप्रवृत्ति व्याप्त थियो।

**व्यवस्था फेरियो, अवस्था उही**

पञ्चायती व्यवस्थामा आम मानिसको स्वतन्त्रता र हैसियत हनन भएको देख्ने विभिन्न राजनीतिक दल र नेताहरूले विभिन्न कालखण्डमा अनेकौं आन्दोलन र जनआन्दोलको माध्यमबाट गणतान्त्रिक व्यवस्था स्थापित गरे। माओवादीले सर्वहारा वर्गको अस्तित्व रक्षाका निम्ति १० वर्षे जनयुद्ध गऱ्यो। जनयुद्धमा हजारौं मानिसले ज्यान गुमाए। मधेसको अस्तित्व रक्षाका लागि भन्दै मधेस आन्दोल भयो। विभिन्न आरोह–अवरोह पार गर्दै विसं २०७२ मा संविधान जारी भयो। यद्यपि गाँस, वास, कपास, रोजगार र न्याय पाउनु ढुङ्गाको चिउरा चपाउनु सरह हुनु विडम्बनापूर्ण छ। के यो गणतान्त्रिक व्यवस्थाको उपहास होइन ?

सत्ता र शक्तिको सन्निकट रहेका पीडकहरू पहुँच भएकै आधारमा उन्मुक्ति पाउने हुन् भने न्यायालयको के काम छ ? न्यायालयले फैसला गर्ने, दण्ड सजाय निर्धारण गर्ने, कार्यान्वयन गर्ने र सत्ताले कानूनको छिद्र प्रयोग गरी जघन्य अपराधीको कैद मिनहा गर्ने प्रणालीले आम मानिसमा भय र अपराधीहरूको मनोबल उच्च हुने पक्का छ।

आपराधिक मानसिकता सधैं सत्ता सन्निकट रहन रुचाउँछ। दल तथा नेताहरूको अघिपछि रहन्छ। आर्थिकदेखि आपराधिक मदत गर्छ र बदलामा अनेक प्रकारका लाभको आकाङ्क्षा गर्छ। सत्ता र शक्तिको हात काँधमा भएपछि दिनदहाडै जघन्य अपराध गर्न पछि पर्दैन। सत्ताभोगीहरूलाई आफ्नो तेजोबल कायम राख्न, अपराधीसँग हातेमालो गर्न र उनीहरूको संरक्षण गर्ने दायित्व जनताले दिएको हुँदैन। त्यस कारण 'व्यवस्था फेरियो तर अवस्था उही छ' भन्न मिल्छ कि मिल्दैन ?

**न्याय कि अन्याय ?**

साइरन बजाउँदै दलबलसहित प्रहरी घटनास्थलमा पुग्छ। अभियुक्तलाई समात्छ। विभिन्न कोणले अनुसन्धान गर्छ। अदालतमा मुद्दा दायर गर्छ। वर्षौंपछि फैसला हुन्छ। फैसला नहुन्जेल पीडित पक्ष कुरेर बस्छ। चिन्तामा हुन्छ। पीडक जेल परेको खबरले थोरै भए तापनि पीडित पक्षलाई आत्मशान्ति प्राप्त हुन्छ। घाउमा मलहम लागेझैं अनुभूति गर्छ।

जब दलपोषित गुन्डा प्रकृतिका अपराधीहरू सत्ता र शक्तिको आडमा कानूनी छिद्र प्रयोग गरी कैदमुक्त हुन्छन्, अबिर, माला लगाएर बाजागाजासहित विजयोत्सव मनाउँछन्, त्यस बेला पीडित पक्षको मनोबल कस्तो हुन्छ ? सिफारिश गर्ने मन्त्रिपरिषद् र कार्यान्वयन गर्ने राष्ट्रपतिले पीडित पक्षको कष्टप्रति ध्यान केन्द्रित गर्नुपर्छ कि पर्दैन ? बेलायतका प्रख्यात राजनीतिज्ञ र पटकपटक प्रधानमन्त्री भइसकेका विस्टन चर्चिलले अपराध र अपराधीप्रति जनताको भावना र दृष्टिकोणबाट त्यो देशको सभ्यताको वास्तविक अनुमान लगाउन सकिने बताएका छन्। त्यसैगरी, सार्जेन्ट स्टीफनले बहुसङ्ख्यक समुदायले सही ठानेको मान्यताविपरीत काम गर्नु नै अपराध भएको लेखेका छन्। त्यस कारण बहुसङ्ख्यक जनताको भावनामा ठेस पुऱ्याउने पात्रहरू चर्चिल र स्टीफनको मत अनुसार अपराधी हुन् कि होइनन् ?

**कैद छुटको फेहरिस्त**

राजनीतिक आन्दोलनले सफलता

(बाँकी चौथो पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

यदि घरमा पति तथा पत्नी दुवैजना दु:खी छन्, उनीहरूको सृजनात्मक खिलावट भएको छैन भने उनीहरू आपसमा लडाइँ झगडाबाहेक केही गर्ने छैनन्। दु:खी मानिसले अरू मानिसलाई पनि दु:ख नै दिन्छ । दुवैजना विवाहपूर्व स्वतन्त्र थिए, उनीहरू सुखी थिए। तब उनीहरूबीच प्रेम थियो। उनीहरूको प्रेमविवाह भएको थियो । त्यही विवाह अहिले आएर क्रोध विवाह किन हुन पुग्यो । यसको एउटै कारण छ, विवाहभन्दा पहिले उनीहरू आफ्नो इच्छा अनुसारको काम गर्न स्वतन्त्र थिए। उनीहरू आफूलाई मन परेको खेल खेल्थे अथवा सङ्गीतमा रमाउँथे। उनीहरूको समय मजासँग व्यतीत भइरहेको थियो । दुवै सुखी र आनन्दित थिए। उनीहरू केही घण्टाको लागि भेटघाट गर्थे। त्यो समय आनन्दले व्यतीत हुन्थ्यो ।

अब विवाह गरेपछि दुवैजना दु:खी भए किनकि उनीहरूले आफूलाई मनपर्ने सृजनशील कामको लागि समय निकाल्न सकेनन् । उनीहरूलाई जे गर्दा मजा आउँथ्यो, त्यो काम उनीहरूले गरेनन् । उनीहरू भित्रभित्रै दु:खी भए । दुईजना दु:खी व्यक्ति भेट भएपछि उनीहरूबीचमा क्रोध तथा कलहशिवाय केही हुँदैन । हामीसँग जे छ, त्यही मात्र हामी अरूलाई दिन सक्छौं। यदि मसँग काँडा नै काँडा छ भने म अरूलाई त्यही आफूसँग भएको काँडा नै मात्र दिन सक्छु, फूल कदापि दिन सक्दिनँ। फूल दिनको लागि मसँग फूल हुनुपर्छ। त्यसैगरी, आफूसँग सुख, शान्ति, सन्तोष भएमात्र अरूलाई दिन सकिन्छ ।

जीवनमा धेरै कुरा साना साना छन्, ठूला कुराहरू केही छैनन्। जसले मलाई सृजनात्मक हुनु छ भनेर निश्चय गर्छ। मलाई यो काम गर्दा मजा आउँछ भन्ने थाहा छ। उसले दिनमा दुई घण्टा त्यो कामको लागि समय निकाल्न सक्छ । हाम्रो आजीविका कमाउने साधन मानेर हामी जुन व्यवसायमा छौं, त्यो काम पनि गर्दै गरौं । तर हामीले यो कुरा जान्नुपर्छ कि आजीविका मात्र जीवन होइन । रोजीरोटी कमाउनु र भरणपोषण गर्नु मात्र जिन्दगी होइन, यसबाहेक पनि केही हुन्छ । जुन हाम्रो हृदयले चाहन्छ, त्यो पनि हामीले जीवनमा गर्नुपर्छ । अलिकति भएपनि ती चीजहरूलाई हामीले समय दिन सक्यौं भने हाम्रो जीवन रूपान्तरण भएको हामी महसूस गर्न सक्छौं। अस्तित्वले एक न एक दिन यस्तो सौभाग्यको घडी पनि जुटाइ दिन सक्छ, हामी त्यही रुचिको विषयलाई नै आफ्नो काम बनाउन सकौं। मानौं कि कुनै व्यक्तिलाई पेन्टिङ गर्न मजा आउँछ । त्यसैले ऊ पेन्टिङको लागि दैनिक दुई घण्टा समय निकाल्छ र पेन्टिङ गर्नुको मजा लिन्छ। एक दिन यस्तो पनि आउन सक्छ कि उसले बनाएका पेन्टिङहरू बजारमा बिक्न थाल्नेछन् । यही पेन्टिङ गर्ने काम नै उसको पेशा बन्न सक्छ। यसै पेशाबाट नै उसले आफ्नो भरण गर्न सक्छ । ओशो भन्नुहुन्छ– सुरुआत सानो पाइलाबाट गर्न सकिन्छ, अन्तत: यस्तो हुन सम्भव छ।

ओशोले नारीहरूलाई सावधान गर्दै भन्नुभएको छ– नारीहरूले आफ्नो गुणको पहिचान गर्नुपर्छ। आफूभित्र जुन कुरा लुकेर बसेको छ, त्यो कुरालाई प्रकट गर्न सक्यो भने नारीको जीवनमा सुख, शान्ति, सन्तोष आउनेछ । नारीले पुरुषको नक्कल गर्न थाले भने उनीहरूको जीवन तनावै तनावमा बित्छ। उहाँ भन्नुहुन्छ– मैले मदिरा पिउने तथा धुम्रपान गर्ने नारीको जीवन शान्त देखेको छैन, उनीहरूको जीवन मैले सधैं तनावपूर्ण देखेको छु।

उहाँ भन्नुहुन्छ– नारीहरूले पुरुषको नक्कल गर्नुहुँदैन । उनीहरूले आफ्नो प्रतिभालाई उभार्नुपर्छ। आफ्नै गुणहरूलाई विकसित गर्नुपर्छ । नारीभित्र रहेका ममता, करुणा, कोमलता, दया आदि गुणहरूलाई विकसित गर्नुपर्छ। करुणा, दया, ममता, प्रार्थना, भावना, मङ्गलकामना जति पनि राम्रा सद्भावनाका शब्दहरू छन्, तिनीहरू सबै स्त्रीलिङ्गी छन्। जसले भाषा बनाए, उनीहरू धेरै जान्ने मानिसहरू थिए होलान्। शब्दहरूको लिङ्ग पनि धेरै चिन्तनमनन गरेर चुनिएको छ। पुरुषहरूको लडाइँ झगडावाला, युद्धवाला गुणहरू छन् । पाषाण युगमा पुरुषहरू शिकारी थिए । त्यही उनीहरूको प्रमुख भूमिका थियो । घरपरिवारलाइ समाल्ने, घरलाई सजाएर राख्ने, घर गृहस्थी चलाउने भूमिका महिलाहरूको थियो।

केही काम पुरुषले गर्छन्, केही काम महिलाले गर्छन् । जब दुवै मिलेर एकअर्काको परिपूरक बन्छन्, तबमात्र जीवनमा पूर्णता आउँछ । यदि दुवै उस्तैउस्तै भए भने जीवनमा पूर्णता आउनेछैन । पुरुष तथा नारीबीचमा प्रतिद्वन्द्विता शुरू हुनेछ।

यदि नारी तथा पुरुष एउटै पेशामा छन् भने उनीहरूबीचमा पेशागत ईर्ष्या शुरू हुन सक्छ। पतिले भन्नेछ– म यति कमाउँछु, पत्नीले भन्नेछिन्– म यति कमाउँछु । पतिलाई आफूभन्दा बढी पत्नी कमाउँछिन् भन्ने थाहा भएपछि हीनताको भावना पैदा हुन्छ। परम्परादेखि सधैं नै पुरुषले कमाउने र स्त्री पुरुषमाथि नै आश्रित हुने चलनले गर्दा पतिलाई हीन भावना पैदा हुन गएकोले उसले यसको बदला लिने ठाउँ खोजिरहेको हुन्छ । यो बदला उसले परोक्षरूपले लिन्छ।

भित्रभित्रै ईर्ष्या पैदा भएको दुवैलाई थाहै हुँदैन। आफूभित्र श्रेष्ठताको भावना विकसित भएको पत्नीलाई थाहा हुँदैन र आफूभित्र हीनताको भावना विकसित भएको पतिलाई थाहा हुँदैन । अवचेतन मनको अँध्यारो कुनामा श्रेष्ठता र हीनताको भावनाको जन्म हुन्छ।

क्रमश:

## त्यस कारण ...

पाएको दिनको स्मरणमा हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवस, जेठ १५ गते गणतन्त्र दिवस र असोज ३ गते संविधान दिवसलाई राष्ट्रिय पर्वका रूपमा मनाइने गरिएको छ।

समाचारहरूमा जनाइए अनुसार पछिल्लो पाँच वर्षको अवधिमा मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिबाट छ हजार ६११ जनाले आममाफी पाएका छन्। व्यक्ति हत्या र ज्यान मार्ने उद्योगदेखि डाँका र वन्यजन्तु तस्करीमा संलग्नहरूलाई मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिबाट उन्मुक्ति दिइएको छ । यो अवधिमा सर्वोच्च अदालतबाट दोषी ठहर भएर जेल नबसी मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिबाट १५७ जनाले आममाफी पाएका छन्। त्यसैगरी, विसं २०८० को संविधान दिवस असोज ३ र गणतन्त्र दिवस जेठ १५ मा क्रमश: ६७० र ४८२ जना गरी एक हजार १५२ जनाले ५० देखि ६० प्रतिशतसम्म कैद छुट पाएका छन्।

जघन्य अपराधमा सजाय भुक्तान गरिरहेका अपराधीहरूलाई उन्मुक्ति दिने घटनाक्रमले पीडित पक्ष मात्र होइन, अपितु सम्पूर्ण देशवासी आश्चर्यचकित छन्। पीडित पक्षको हृदयमा चोट पुग्ने खालको खबरले देशवासी स्तब्ध छन् । न्यायालयबाट एकपटक न्याय पाइसकेको पीडित पक्ष गहभरि अश्रु र हृदयमा वियोग लिएर न्यायकै लागि पुन: अनशन बस्नुपर्ने अवस्थालाई के भन्ने ? अपराधीलाई उन्मुक्ति दिने अभ्यास गणतन्त्र व्यवस्थाको मर्मविरुद्धको हर्कत हो वा होइन ? यस प्रकारका दृष्टान्तहरूले समाजमा कस्तो सन्देश प्रवाह गर्छ ? पीडित पक्षमाथि न्याय भयो कि अन्याय ? अपराधीहरूको कैद छुटलाई महाअपराध भन्न मिल्छ कि मिल्दैन ?

# हिस्टेरिया वा डिसोसिएटिभ कन्भर्सन डिजार्डर

वाटिका

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**पोजेशन हिस्टेरिया भारत र अफ्रिकामा अक्सर सम्पत्ति वा अधिकारको लागि अर्को व्यक्तिलाई प्रभावित पारेर वशमा राख्ने गतिविधिको रूपमा देखिन्छ। अर्को डिसोसिएटिभ डिर्जाडरलाई गेन्सर सिन्ड्रोम वा स्युडो अथवा झूटो डिमेन्सिया पनि भनिन्छ। यो कैदमा रहेका मानिसमा देखिन्छ।**

पाठकवृन्द ! शायद हामी सबैलाई हिस्टेरिया के हो थाहा छ । यसलाई नेपालीमा के भनिन्छ भने थाहा छैन होला किनभने धेरै कुरा हामी अङ्ग्रेजी शब्दमा स्वीकार गरिसकेका छौं । त्यसैमध्ये हिस्टेरिया पनि हो । हिस्टेरिया ग्रीक हिस्टेराबाट आएको हो, जसको अर्थ हुन्छ पाठेघर। ग्रीकहरूको विश्वास थियो कि यो रोग पाठेघरको गतिविधिसँग सम्बन्धित हुन्छ, किनभने यो बढी महिलामा पाइन्छ । ईसाको उन्नाइसौं वर्ष पहिले पैपिरसले हिस्टेरियाको मतलब स्टार्भेशन अफ युटेरस वा पाठेघरको विस्थापनको रूप भनेका छन् । ५०० बिसीमा ग्रीक ग्रेट फिजिसियन हिप्पोक्रेटसले पनि यसलाई हिस्टेरिया नै उल्लेख गरेका छन् । ग्रीकहरूमा के विश्वास थियो भने यो विधवाहरूको रोग हो। उनीहरूले के मान्दथे कि महिलाको सिमेनको सम्भोगद्वारा निकास भएन भने त्यो विषाक्त हुन्छ र हिस्टेरिया हुन्छ । मेरो विचारमा उनको त्यो विश्वास अकाट्य छ तर आइमाईको हकमा मात्र। पुरुषलाई पनि यो रोग हुन्छ भन्ने उनीहरूलाई थाहा थिएन । आधुनिक चिकित्सक पनि पहिले यसै नामले यसलाई जान्दथे । भोजपुरीमा यसलाई भाव बनाउने, बहाना गर्ने भन्न सकिन्छ। मेरो छिमेकमा एकजना थिए, उनका पिता उसलाई पैसा दिंदैनथे । एक दिन ऊ ओंठमा रक्सी लगाएर गलीमा सुत्यो । बाबुले हेर्दा उसको मुखबाट रक्सीको गन्ध आइरहेको थियो । आमाले भनिन् पैसा माग्दै थियो, दिनुभएन । अब नतीजा भोग्नुस्। यो हिस्टेरिया होइन, किनभने हिस्टेरियामा वास्तविक लक्षण पनि देखिन्छ। तर यस्ता मानिसलाई 'हिस्टेरिक ट्रेट' भनिन्छ। पहिले हामी गाउँमा नाच हेर्न जान्थ्यौं। मान्छे भन्थे नाच लाग्यो, मतलब नाचले मदमस्त पारिदियो। नाच लाग्नु हिस्टेरिया हो, जसलाई सम्मोहन भन्न सकिन्छ। सम्मोहनमा पार्ने नाच हो र सम्मोहित हुने दर्शक हुन् । दिनहुँ अखबारमा पढ्छौं कि विद्यालयका छात्राहरू विनाकारण एक्कासि एक साथ बेहोश भए। भोलिपल्ट अर्को विद्यालयमा पनि यस्तै हुन्छ। यो मास हिस्टेरिया हो, जसले एक समयमा धेरैलाई समात्छ । कुनै महिलालाई परिवारमा कसैले स्नेह गर्दैन। ऊ सबैबाट उपेक्षित भएर स्नेहको भोकी बन्छे। एक दिन ऊ बेहोश हुन्छे, जसले अरूलाई आफूप्रति आकर्षित गर्न सकोस्। परिवारका सबै सदस्य उसलाई बोकेर अस्पताल लग्छन् । चिकित्सकले जाँच गर्दा रोगीमा कुनै शारीरिक खराबी छैन तर बेहोशी अवस्थामा पनि उसको परेला चलिरहेको हुन्छ, जुन हिस्टेरियाको खास लक्षण हो । चिकित्सकले अमोनियामा रुवा चोभेर रोगीको नाकमा सुघाउँछ । रोगी जुरुक्क उठ्छ, जुन हिस्टेरियाको सशक्त प्रमाण हो । अब परिवारले उसको ख्याल गर्न थाल्छ । यही त चाहिएको थियो रोगीलाई । यो हिस्टेरिया विभिन्न किसिमको हुन्छ । झाँक्री काम्ने, महिला माथि भूत चढ्ने आदि कुरा हिस्टेरिया हो। कहिलेकाहीं मान्छे बोल्न सक्दैन, हातखुट्टा पनि चलाउन सक्दैन। जाँच गर्दा कुनै शारीरिक कारण देखिंदैन । नारी, धडकन, ब्लडप्रेसर र सबै पैथालोजिकल जाँच नर्मल हुन्छ भने त्यो हिस्टेरिया हो । पहिले मानसिक रोगको वर्गीकरणमा यसलाई हिस्टेरिया नै भनिन्थ्यो । यस अन्तर्गत अरू धेरै कुरा आउँछ । काबुमा आउन नसक्ने संवेग, अरूद्वारा प्रेरित क्रिया, नाटकीय प्रदर्शन, कसैलाई फकाउने विधि, कुनै शारीरिक कारण नदेखिने, डिप्रेसन र अरू सबै अस्पष्ट शारीरिक लक्षणहरू जुन प्राय: महिलामा पाइन्छ, केही मानसिक विकृति, व्याख्या गर्न नसकिने लक्षण, बहानाबाजी, सधैं रोगी भएको बताउने, केही मनोशारीरिक रोग र मनोसेक्सुअल रोग सबै आउँछ। यसरी यसको सूची लामो भएकोले आइसिडीले डिसोसिएटिभ कन्भर्शन रोगमा वर्गीकरण गरेको छ । डिसोसिएटको मतलब हुन्छ पृथक गर्नु र कन्भर्शनको माने हुन्छ बदलाव। यस रोगले मानिसलाई यसको मूल प्रकृतिबाट पृथक गर्छ र मान्छेको क्रियाकलापमा पनि बदलाव ल्याउँछ । यस कारण यसको नाम डिसोसिएटिभ कन्भर्सन डिजार्डर परेको हो। सिगमन्ड फ्रायडले पनि भनेका छन् कि कुनै पनि मानसिक रोग स्नायु विकृतिमा कन्भर्ट हुन सक्छ। त्यस कारण पनि यसलाई कन्भर्सन डिजार्डर भनिन्छ। यसलाई एफएनडी पनि भनिन्छ मतलब फंक्शनल न्युरोलोजिकल डिजार्डर । यो किनभने त्यस क्षणमा रोगीमा साँच्चीकै नर्भस विकृति हुन्छ, जस्तै– हात चलाउन नसक्ने। त्यसैले त्यसलाई खाली फंक्शनल मात्र भनियो कारक भनिएन। यो अरू पनि धेरै नामले जानिन्छ जसरी : नर्भस सिस्टम डिजिज, साइकोजेनिक डिजार्डर, ननआर्गेनिक डिजार्डर आदि।

अत: यसको परिभाषा हुन्छ– हिस्टेरिया दमित इच्छा र दमित उत्तेजना तथा भावनाको स्नायु रोगको रूपमा प्रकटीकरण हो।

बहिरंग विभागमा ५ देखि १५ प्रतिशत रोगीमा यही हिस्टेरिया हुन्छ। यो प्राय: महिलामा बढी हुन्छ तर बच्चाको मामलामा बराबर बराबर हुन्छ । पाठकवृन्द ! यहाँ डिसोसिएटिभ र कन्भर्शन दुवै मिलाएर डिसोसिएटिभ कन्भर्शन डिजार्डर भनिएको छ। अत: दुवैको छुट्टाछुट्टै वर्णन जरुरी छ। पहिले आउनुस् कन्भर्शन डिजार्डरबारे कुरा गरौं–

**कन्भर्सन डिजार्डर :** यो निम्नलिखित लक्षणबाट पहिचान गरिन्छ : यसमा रोगीमा मोटर वा सेन्सरी कार्यमा कमी देखिन्छ, जस्तै–हात चलाउन नसक्नु, छुँदा थाहा नहुने आदि। यो एक्कासि देखिन्छ र तनावको कारण बढेको हुन्छ। तनाव दिने कारण र लक्षण हुनुको सीधा सम्बन्ध हुन्छ। रोगीले जानाजान केही गरेको हुँदैन। यसमा मोटर र सेन्सरी कार्य मात्र ग्रसित हुन्छ स्वचालित नर्भ प्रभावित हुँदैन जसरी नारी, धडकन र परेला चल्नु आदि। यसै कारण रोगीको परेला चलिरहन्छ। यसमा शारीरिक र पैथोलाजिकल जाँच गर्दा केही खराबी देखिंदैन।

**टाइप वा प्रकार–** जसमा मोटर डिजार्डर हुन्छ : यसमा अक्सर पक्षाघात वा विकृत अङ्ग सञ्चालन भएको देखिन्छ। रोचक कुरा के हुन्छ भने रोगीले आफ्नो जानकारी अनुसार भन्छ तर जाँचमा त्यस्तो पाइँदैन र जाँच नर्मल हुन्छ । रिफ्लेक्स कम हुनुपर्नेमा झन् बढ्छ । तथापि लामो समयको लागि यदि पक्षाघात रहयो भने कन्ट्रेक्चर हुन्छ । अवाञ्छनीय गति अथवा एब्नार्मल मुभमेन्टमा ट्रेमरदेखि भूत चढेजस्तो शरीरमा कम्पन र अनुहार विकृत देखिन्छ। यदि रोगीमाथि बढी ध्यान दियो भने लक्षण झन् बढ्छ र उपेक्षा गरेर चिकित्सक कुनै अर्को रोगीतिर लाग्छ भने कम हुन्छ। सबै जाँच निगेटिभ हुन्छ। अनुहार विकृत र नाटकीय हुन्छ । एनेस्थेसिया अर्थात् सेन्सरी शून्यतामा रोगीलाई छोयो भने रोगीले महसूस त गर्दैन, तर त्यो नारी र कुर्कुच्चामा गएर समाप्त हुन्छ र त्यसभन्दा तलको संवेदना जस्ताको त्यस्तै रहन्छ। यो हिस्टेरियालाई पहिचान गर्ने खास लक्षण हो जुन वास्तविक सेन्सरी शून्यतामा पाइँदैन । त्यस्तै हिस्टेरियाका रोगीमा अर्धाङ्ग, अन्धोपन र बहिरोपन पनि हुन सक्छ जुन शारीरिक जाँच गर्दा झूटो साबित हुन्छ किनकि यस्तो कुरा रोगीले आफ्नो सहुलियत अनुसार भनेको हुन्छ। यसो त सबै सेन्सरी शून्यतामा रोगीले जित्न सक्छ तर कम्पनको जाँचमा रोगी सजिलै झूटो साबित हुन्छ । जब एउटा कान नजीक ट्युनिक फार्क राखिन्छ, त्यो निश्चितरूपले अर्को कानमा पनि जान्छ । तर हिस्टेरियाको रोगीले अर्को कानमा गएको पाउँदैन। एक साइड ठीक छ भने अर्कोमा किन गएन ? यही झूटको निशानी हो। यस अन्तर्गत हिस्टेरिकल फीट अथवा बेहोशीका साथ शारीरिक ऐंठन अथवा कम्पन पनि आउँछ, जसलाई हिस्टेरिकल वा स्युडो सिजर पनि भनिन्छ। यस्तो घटना भारतमा बढी देखिन्छ। यसलाई साँच्चीको सिजरबाट छुट्याउन आवश्यक हुन्छ।

अब डिसोसिएटिभ डिजार्डरको क्लिनिकल प्रकारमा आउनुस्–



**यो पाँच प्रकारको हुन्छ** : डिसोसिएटिभ एम्नेसिया वा विस्मृति, डिसोसिएटिभ फ्युज, मल्टिपल पर्सनालिटी वा बहुरंगी व्यक्तित्व, पोजेशन हिस्टेरिया र अर्को डिसोसिएटिभ डिजार्डर। डिसोसिएटिभ एम्नेसियाको बिमारी सर्वाधिक हुन्छ, जुन किशोर र तरुण अवस्थाको महिलामा पुरुषभन्दा बढी सङ्ख्यामा पाइन्छ। यसमा प्राय: तनावपूर्ण अवस्थामा महिलाको पहिचान र सूचनाका कुरा विस्मृत हुन्छ जुन दैनिक विस्मृतिभन्दा भिन्न हुन्छ जसको कुनै शारीरिक कारण सिद्ध हुँदैन। विस्मृतिको बेला मस्तिष्कमा चेतनाको हल्का क्लाउडिंग हुन्छ । विस्मृति ठीक भएपछि सबै कुरा याद रहन्छ । डिसोसिएटिभ फ्युज त्यो अवस्था वा क्षण हो, जसमा मान्छे प्राय: घरबाट निस्केर भौंतारिन थाल्छ । त्यस समय उसले आफ्नो नयाँ नाम र पहिचान बताउन थाल्छ। यो अक्सर अचानक र तनावको बेलामा देखिन्छ जसमा पहिलेको जीवन पूर्णत: विस्मृत हुन्छ। यसको अन्त पनि अचानक हुन्छ । अनि भौंतारिएको कुरा विस्मृत हुन्छ र पहिलेको स्मृति कायम हुन्छ । मल्टिपल पर्सनालिटी वा बहुरंगी व्यक्तित्वमा अक्सर व्यक्तिमा दुई थरीको व्यक्तित्व देखिन्छ र एक समयमा एउटै रंग मात्र प्रकट हुन्छ । जुन बेला अर्कोको पालो आउँछ पहिलेको केही याद रहँदैन। दुवैको शुरूआत र अन्त अचानक हुन्छ । पोजेशन हिस्टेरिया भारत र अफ्रिकामा अक्सर सम्पत्ति वा अधिकारको लागि अर्को व्यक्तिलाई प्रभावित पारेर वशमा राख्ने गतिविधिको रूपमा देखिन्छ । अर्को डिसोसिएटिभ डिर्जाडरलाई गेन्सर सिन्ड्रोम वा स्युडो अथवा झूटो डिमेन्सिया पनि भनिन्छ। यो कैदमा रहेका मानिसमा देखिन्छ । यसलाई जर्मन मनोचिकित्सक सिगबर्ट जोसेफ मारिया गेन्सरले सर्वप्रथम १८औं शताब्दीमा चारजना कैदीमा पत्ता लगाएका थिए । यसमा रोगीले कुनै प्रश्नको गलत उत्तर दिन्छ, यो जानेर पनि कि उसले गलत उत्तर दिंदैछ । जसरी तपाईंले रातो कलम देखाउनुभयो भने उसले कालो भन्छ र पछि जानीजानी आफ्नै उत्तरमा अडिग रहन्छ।

**कारण र निवारण :** यहाँ साइकोडायनामिक र विह्वेयरल थ्योरी मुख्यरूपले व्याख्या गर्न सकिन्छ । सिगमन्ड फ्रायडले भनेका छन् कि यदि व्यक्तिको आक्रामकता वा सेक्सुअल संवेगलाई बलपूर्वक रोकियो वा दमन गरियो अथवा बचपनको उपेक्षा वा अप्रिय घटना, जुन अवचेतनमा जमा भएर बसेको हुन्छ त्यही बेलाबेला एब्नर्मल क्रियाकलाप अथवा हिस्टेरिक डिजार्डरको रूपमा प्रकट हुन्छ। बिहेवेरल थ्योरीमा : रोगीले कसैलाई हेरेर त्यस्तै गर्न थाल्छ अथवा अन्यबाट सिक्छ । जस्तै व्यक्ति कसैलाई कसरी अर्धाङ्ग लाग्छ भन्ने हेरेर त्यस्तै नाटक गर्न थाल्छ।

हिस्टेरियाको उपचार पाँच विधिले गरिन्छ–

१. **बिहेवियर थेरापी :** हिस्टेरियाको रोगीले आफन्त वा अरूको ध्यान आफूतिर आकर्षित गर्ने कोशिश गर्छ। ऊतिर जति आकर्षित भयो, उसको लक्षण त्यति नै बढेको देखिन्छ । त्यसैले चिकित्सकले उसको लक्षणाको उपेक्षा गरेर सामान्य रोगीसरह व्यवहार गर्नुपर्छ । यसो गर्दा लक्षण कम हुन्छ र त्यसै बेला रोगीलाई भन्नुपर्छ– हेर रोग कसरी निको हुन लाग्यो ? हिस्टेरियाको रोगीलाई चिकित्सकको सल्लाह मान्न दृढ भएर यस्तो गर्नुपर्छ । अचानक देखिएको लक्षणको जति छिटो उपचार गरियो, भविष्यमा त्यति नै खतरा कम हुन्छ। यसको लागि निम्नमध्ये कुनै एक विधि कारगर हुन्छ– **क)** छिटो ठीक हुन्छ भन्ने दृढ सल्लाह, **ख)** एभर्शन थेरापी वा उल्टाउने उपचार : यसमा निम्नलिखित कुनै एउटा क्रिया अपनाइन्छ– रोगीलाई लिकर एमोनिया सुँघाइन्छ वा कम मात्राको इलेक्ट्रिक करेन्ट छुवाइन्छ वा आँखाको ठीकमाथि अथवा कानको अगाडि औंलाले दबाब दिइन्छ र कहिलेकाहीं नाकमुख थुनिदिइन्छ। रोगी जुरुक्क उठ्छ, जुन हिस्टेरिया भएको बलियो प्रमाण हो। नाकमुख बढी समय थुन्नुहुँदैन किनभने यो रोगीको अधिकारको सिद्धान्तविपरीत त हो नै, विपरीत परिणाम पनि दिन सक्छ। **ग)** हिप्नोसिस उपचारमा नसाबाट एमाइल, थायोपेन्टोन वा डायजिपाममध्ये कुनै एक दिइन्छ । हिस्टेरियाको रोगी यसले सजिलै ठीक हुन्छ । २. **साइकोथेरापी विथ एब्रिएक्शन:** एभर्शन थेरापीमा त रोगीको रोग उल्टाउने काम हुन्छ तर साइको एब्रिएक्शन थेरापीमा रोगीको चेतना, उसको सोच र सम्झना राम्ररी फर्काउने काम गरिन्छ । एब्रिएक्शनको मतलब पनि यही हुन्छ । यो निम्न विधिले प्राप्त गरिन्छ– हिप्नोसिस, फ्री एशोसिएशन, नसाबाट थायोपेन्टोन वा डाइजिपाम दिने। फ्री एशोसिएशन विधि सिगमन्ड फ्रायडले आविष्कार गरे। यसमा रोगीलाई आफ्नो सबै विचार, पीडा र सङ्घर्ष निर्धक्क भएर सङ्कोचरहित भएँ भन्न तयार पारिन्छ, रोगीको अवचेतन उघार्नका लागि । अवचेतन उघ्रेपछि चिकित्सकले उचित सलाह दिन्छ । यसको लक्ष्य यो हुन्छ कि रोगी चेतनामा आओस् र चिकित्सकको सल्लाह मानोस्। एकपल्ट यस्तो भएपछि रोगीको भावुकता कम हुँदै जान्छ र रोगको लक्षण हराउँदै जान्छ। ३. **सपोर्टिभ साइकोथेरापी :** यो उपचार रोगी आफ्नो द्वन्द्वबाट बाहिर आइसकेपछि सामान्य दैनिकी अन्तर्गत गरिन्छ र साथै परिवारका सदस्यलाई पनि सुझाव दिइन्छ । ४. **साइको एनालिसिस :** यो डिसोसिएटिभ डिजार्डरमा मात्र गरिंदैन, रोगीको सम्पूर्ण व्यक्तित्वलाई उकास्नका लागि गरिन्छ। यसले रोगीमा उल्लेखनीय सुधार ल्याउँछ। तर यसका लागि पाँच वर्ष समय लाग्छ। ५. **औषधीय उपचार :** औषधिको यस रोगमा कमै भूमिका हुन्छ। तर पनि माथि वर्णन गरिएका एमाइल, थायोपेन्टोन र डाइजिपामबाहेक छोटो समयको लागि बेन्जोडाइजिपिन प्रयोग गर्न सकिन्छ। अस्तु !

# अन्तर्राष्ट्रिय समाचार

## हमासमाथि अरबको दबाब बढाउने प्रयासमा ब्लिङ्केन

अम्मान, २६ असोज/एएफपी

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले शुक्रवार अरब मुलुकका राजधानीहरूको भ्रमण शुरू गरेका छन्। हमासको आतङ्कवादी हमलापछि इजरायलले गाजापट्टीमा सम्भावित ठूलो हमलाको तयारी गरिरहेको बेला हमासमाथि अरब राष्ट्रहरूको दबाब बढाउने खोजीमा उनले अरब मुलुकहरूको भ्रमण शुरू गरेका हुन्।


तस्वीरः एएफपी

उनले लामो समयदेखिको अमेरिकाको साझेदार जोर्डनका राजा अब्दुल्लाह द्वितीय र प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बाससँग अम्मानमा भेट गर्नेछन्। त्यसपछि उनले कतार, साउदी अरेबिया, इजिप्ट र संयुक्त अरब इमिरेट्स (युएई)को भ्रमण गर्नेछन्।

गत शनिवार हमासको आश्चर्यजनक हमलापछि अमेरिकी सहयोगी इजरायलसँग अटुट एकताको प्रतिबद्धता व्यक्त गर्दै विदेशमन्त्री ब्लिङ्केनले बिहीवारको दिन तेल अविवमा बिताए। हमासको उक्त आक्रमणमा इजरायलमा एक हजार दुई सयभन्दा बढीको मृत्यु भएको छ भने १५० भन्दा बढीलाई हमास लडाकू समूहले बन्धक बनाएको छ।

हमासको आक्रमणपछि इजरायलले गाजापट्टीमा गरेको हमलामा एक हजार चार सयभन्दा बढीको मृत्यु भएको छ। साथै इजरायलले गाजापट्टीमा खाद्यान्न, पानी र विद्युत् आपूर्ति बन्द गरिदिएको छ। हमासको लामो समयदेखि सम्बन्ध रहेको कतारलाई बन्धकहरूलाई मुक्त गराउन मध्यस्थकर्ताको रूपमा हेरिएको छ। विदेशमन्त्री ब्लिङ्केन जोर्डनपछि तुरुन्तै कतार जानेछन्।

"द्वन्द्वलाई थप चर्काउनबाट रोक्न सहयोग गर्न र बन्धकहरूलाई विनाशर्त तुरुन्त रिहा गर्न हमाससँग आफ्नो प्रभावको प्रयोग गर्न अरब मुलुकहरूमाथि दबाबलाई जारी राख्नेछौं," तेल अविवमा बिहीवार अबेर ब्लिङ्केनले भने, "अरब क्षेत्रलाई अधिक शान्तिपूर्ण, अधिक समृद्ध, अधिक सुरक्षित र अधिक एकीकृत बनाउनका लागि हाम्रो सकारात्मक दृष्टिकोणलाई कसरी साकार बनाउन सक्छौं भन्नेबारेमा पनि हामी छलफल गर्नेछौं, वास्तवमा यो एउटा विकल्प हो र केही हदसम्म यो विकल्प हमासको कामभन्दा पनि स्पष्ट भएको छ।"

हमासको आक्रमणभन्दा केही साताअघि साउदी अरेबियाले इजरायलसँगको सम्बन्धलाई सामान्यीकरण गर्ने अमेरिकी नेतृत्वको कूटनीतिको प्रगतिबारे उल्लेख गरेको थियो। इस्लामहरूका दुई पवित्र स्थलको संरक्षकसमेत रहेको रूढिवादी साउदी अरेबियाका लागि उक्त कूटनीतिक प्रयास ऐतिहासिक कदम हो।

इजरायलसँग शान्ति कायम गर्ने पहिलो अरब मुलुक इजिप्टसँग अमेरिकी अधिकारीहरूले गाजाबाट बन्धकहरूलाई बाहिर निकाल्न सुरक्षित कोरिडोरको योजनामा काम गरिरहेका छन्। इजिप्ट गाजाको सीमा पनि हो।

गाजा छोड्न वा त्यहाँबाट बाहिर निस्कन चाहने नागरिकहरूका लागि सुरक्षित बाटोको सम्भावनाबारे इजरायलसँग आफूले कुरा गरेको ब्लिङ्केनले बताए।

हमासको लामो समयदेखिको शत्रु र झन्डै ८८ वर्ष पुगेका महमुद अब्बासको प्यालेस्टिनी अथोरिटीले पश्चिमी किनारामा सानो स्तरको स्वायत्तता पाएको छ। पश्चिमी किनारामा रहेको गाजापट्टीमाथि हमासको नियन्त्रणका कारण इजरायलले १७ वर्षदेखि गाजापट्टीमाथि प्रतिबन्ध लगाएको छ।

राष्ट्रपति जो बाइडेन र अन्य डेमोक्रयाट्सहरूको नेतृत्वमा रहेको अमेरिकाले प्यालेस्टिनी अथोरिटीलाई ठूलो मात्रामा समर्थन गर्दै आएको छ। प्यालेस्टिनी अथोरिटीलाई इजरायलसँगको दीर्घकालीन शान्तिका लागि उनीहरूले उत्तम विकल्पका रूपमा हेर्दै आएका छन्।

तर हिंसा रोक्न अब्बास यथेष्टरूपमा प्रतिबद्ध नभएको भन्दै इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले प्यालेस्टिनी अथोरिटी र अब्बासलाई पन्छाउन खोजेका छन्। उनको उग्र दक्षिणपन्थी सरकारले दुई राज्य समाधानको सम्भावनालाई अस्वीकार गर्दै आएको छ।

जोर्डनका राजा अब्दुल्लाहसँगको भेटपछि बिहीवार अब्बासले द्वन्द्वका बारेमा सार्वजनिक टिप्पणी गरे। उनले प्यालेस्टिनी जनतामाथिको व्यापक आक्रमणलाई तुरुन्त अन्त्य गर्न आहवान गर्दै दुवै पक्षबाट भएको नागरिकहरूको हत्या वा उनीहरूमाथि हुने दुर्व्यवहार अस्वीकार्य छ भने। यसअघि अमेरिकी विदेशमन्त्री ब्लिङ्केनले हमासले गरेको हमलाका बारेमा अब्बाससँग टेलिफोनमा कुराकानी गर्दै हिंसाको भर्त्सना गर्न र पश्चिम किनारमा स्थिरता कायम राख्न आग्रह गरेका थिए। रासस

## सामाजिक सञ्जाल एक्सले हमास सम्बद्ध सयौं खाता हटायो

क्यालिफोर्निया, २६ असोज/एएनआई

इजरायलमा हमासको हालैको आक्रमणपछि सामाजिक सञ्जाल एक्स (यसअघि यसको नाम ट्विटर थियो)ले हमास सम्बद्ध सयौं खाता हटाएको छ। "आतङ्कवादी सङ्गठनहरूलाई एक्समा कुनै स्थान छैन" भन्दै उसले खाता बन्द गरेको हो।

"एक्स सार्वजनिक कुराकानीको सेवाका लागि प्रतिबद्ध छ, विशेषगरी यस्ता महत्त्वपूर्ण समयमा एक्सको प्लेटफर्ममार्फत प्रसारित हुन सक्ने कुनै पनि अवैध सामग्रीलाई सम्बोधन गर्नुपर्ने महत्त्वलाई एक्सले बुझेको छ," एक्सका प्रमुख कार्यकारी अधिकृत लिन्डा याकारिनोले भनिन्, "आतङ्कवादी सङ्गठन र हिंसात्मक अतिवादीहरूलाई एक्समा कुनै स्थान छैन र हामी सही समयमा सक्रिय समूहसहितका यस्ता खाताहरू हटाउन जारी राख्छौं।"

युरोपेली युनियन उद्योगका प्रमुख थिएरी ब्रेटोनले एक्सका मालिक एलन मस्कलाई जारी गरेका २४ घण्टे अल्टिमेटमले एक्सलाई ती खाता हटाउने परिस्थिति बनाएको थियो।

ब्रेटोनले एक्समा दुष्प्रचारको सामना गर्न र नयाँ इयू अनलाइन सामग्री नियमहरूको पालना गर्न आग्रह गर्दै मस्कलाई अल्टिमेटम दिएका थिए। ब्रेटोनले युरोपेली युनियनभित्र अवैध सामग्री र दुष्प्रचारमा एक्सको कथित प्रयोगप्रति चिन्ता व्यक्त गरेका थिए।

इयूको नयाँ डिजिटल सर्भिस कानून अन्तर्गत एक्स र मेटाको फेसबूक जस्ता ठूला अनलाइन प्लेटफर्मलाई अवैध सामग्री हटाउन र सार्वजनिक सुरक्षाका साथै नागरिक बहसमाथिको खतरालाई सम्बोधन गर्न सक्रिय उपाय अवलम्बन गर्न आवश्यक छ।

थिएरी ब्रेटोनले गत सोमवार इजरायलमा भएको हमलापछि आफ्नो प्लेटफर्ममार्फत भएका दुष्प्रचारको सामनाका लागि गरिएका कारबाईका बारेमा जानकारी दिन मेटा (फेसबूक) लाई पनि २४ घण्टाको समय दिएका थिए। रासस


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहृन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अलमल | वृष | चोरभय |
| मिथुन | उदरपीडा | कर्कट | विजय |
| सिंह | धनक्षति | कन्या | भाग्योदय |
| तुला | बेचैनी | वृश्चिक | मनोरञ्जन |
| धनु | बेचैनी | मकर | मनोरञ्जन |
| कुम्भ | कर्मप्राप्ति | मीन | राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



मेलम्ची नगरपालिका-११ स्थित फट्टेमा ह्युम पाइप राखेर यातायात सुचारु गरिंदै। चाडपर्व नजीकिएको र खोलाको सतह घटेसँगै तीन दिनअघिदेखि अस्थायी पुल निर्माण कार्य शुरू भएको थियो। गत १२ गते सञ्चालनमा आएको उक्त अस्थायी पुल पुनः १६ गते आएको बढीले क्षति पुर्‍याएपछि मर्मत गरी सञ्चालनमा ल्याइएको हो। तस्बिरः रासस

## इजरायलबाट नेपाली नागरिक उद्धार गरी स्वदेश ल्याइयो

काठमाडौं, २६ असोज/रासस

इजरायलबाट २५४ जना नेपाली नागरिकलाई उद्धार गरी शुक्रवार बिहान नेपाल ल्याइएको छ। उनीहरूलाई नेपाल एयरलाइन्सको वाइडबडी विमानबाट नेपाल ल्याइएको हो। उनीहरूलाई लिनका लागि परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसहित सरकारी अधिकारीहरू इजरायल गएका थिए।


इजरायलबाट २५४ जना नेपाली नागरिकलाई उद्धार गरी शुक्रवार बिहान नेपाल ल्याइयो। तस्वीरः रासस

उद्धारपछि आज बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कुरा गर्दै परराष्ट्रमन्त्री साउदले इजरायलबाट नेपाल फर्कन चाहना राखेका ५०३ जनामध्ये २५४ जनालाई नेपाल ल्याइएको र अन्यलाई पनि छिट्टै नेपाल ल्याइने जानकारी दिए।

"इजरायलको तेल अविवस्थित नेपाली राजदूतावासले सुरक्षित स्थानमा स्थानान्तरण हुन तथा नेपाल फर्कन चाहने नेपालीहरूलाई अनलाइनमार्फत आफ्नो विवरण प्रविष्ट गर्न अनुरोध गरे बमोजिम आजसम्म ५५७ जनाले आफ्नो विवरण उपलब्ध गराएका छन्। जसमध्ये ५०३ जनाले नेपाल फर्कन अनुरोध गरेकामा २५४ जना आज हामीसँगै स्वदेश फर्कनुभएको छ।"

परराष्ट्रमन्त्री साउदले जोखिमपूर्ण स्थानबाट स्थानान्तरण गर्न आवेदन गरेका ५४ जनालाई सुरक्षित स्थानमा सारिएको पनि जानकारी दिए।

यस घटनामा परी चारजना नेपाली नागरिक घाइते भएकामा एकजना उपचारपछि आजै स्वदेश फर्किएको, एकजना अस्पतालबाट उपचारपछि डिस्चार्ज भएका र बाँकी दुईजना स्थानीय अस्पतालमा उपचाररत रहेका मन्त्री साउदले जानकारी दिए। "आक्रमणमा परी सम्पर्कविहीन हुनुभएका विपिन जोशीको खोजी निरन्तर जारी छ," उनले भने, "यस विषयमा थप जानकारी प्राप्त हुनासाथ जानकारी गराउनेछौं।"

इजरायलमाथि हमास समूहको आक्रमणमा परी सुदूरपश्चिम विश्वविद्यालयबाट इजरायल गएका १० जना नेपाली विद्यार्थीको निधन भएको र उनीहरूको शव नेपाल ल्याउनका लागि इजरायल सरकारसँग समन्वय भइरहेको पनि उनले जानकारी दिए।

"कानूनी प्रक्रिया पूरा गरी प्रत्येक शवको छुट्टाछुट्टै विवरण राख्नुपर्ने र हाल इजरायलमा शवको सङ्ख्या अत्यन्तै बढी भएकाले प्रक्रिया पूरा गरी शव हस्तान्तरणका लागि केही समय लाग्ने इजरायली पक्षले जनाएको छ। त्यसैले उनीहरूको परिवार तथा आफन्तलाई केही समय धैर्यधारणा गर्न म अनुरोध गर्छु," उनले भने।

हाल तेल अविवबाट नियमितरूपमा व्यावसायिक हवाई उडान पनि सञ्चालन भइरहेकाले यसपटक कारणवश छुटेका नेपालीहरूलाई आवश्यकता अनुसार नेपाल सरकारले नेपाल फर्काउन व्यवस्था गर्ने उनको भनाइ छ।

परराष्ट्रमन्त्री साउदले नेपाली नागरिकको उद्धार गर्न साथ दिई ऐक्यबद्धता जनाउने सञ्चारमाध्यम तथा सञ्चारकर्मीहरू, इजरायल सरकार तथा नेपाल सरकार, इजरायलको नेपालस्थित राजदूतावास र नेपालको इजरायलस्थित राजदूतावास जस्ता निकायहरू र विमान चालकदलका सदस्यलाई पनि धन्यवाद दिएका छन्।

आजै उद्धार गरी नेपाल ल्याइएका नागरिकहरूलाई विभिन्न गन्तव्यमा पुर्‍याउनका लागि विमानस्थलमा नेपाल प्रहरी तीनवटा बसहरू तयारी अवस्थामा राखिएका थिए।

## तराईबाट २३ हजार लिटर दूध खरीद

मकवानपुर, २६ असोज/रासस

हेटौंडा दुग्ध वितरण आयोजनाले अहिले दैनिक २३ हजार लिटर दूध तराईबाट सङ्कलन गर्दै आएको छ। सङ्कलितमध्ये आवश्यकता अनुसार काठमाडौं, विराटनगर र चितवनमा दैनिक १६ हजार पाँच सय लिटर धूलो दूध उत्पादनका लागि पठाउने गरिएको आयोजना कार्यालयले जनाएको छ।

साथै दैनिक वीरगंज, चितवनको नारायणगढ र हेटौंडाको स्थानीय उपभोक्तालाई करीब छ हजार पाँच सय लिटर दूध सुपथ मूल्यमा बिक्री वितरण गर्दै आएको आयोजनाका प्रमुख नवीनकिशोर शर्माले बताए। अहिले मधेस प्रदेशका बारा, सर्लाही, रौतहट र पर्सा तथा बाग्मतीको मकवानपुरका गरी दुई सय दूध उत्पादन सहकारी संस्थाबाट २३ हजार लिटर दूध खरीद गर्ने गरिएको उनले जानकारी दिए।

तराईका चार र मकवानपुरका गरी नौ हजार ३७५ कृषकबाट दैनिक दूध खरीद गरेबापत मासिकरूपमा रु तीन करोड उपलब्ध गराउँदै आएको प्रमुख शर्माले जानकारी दिए। उनका अनुसार यहाँबाट उत्पादित पेडा र लालमोहन दैनिक १६० कार्टुन काठमाडौंका उपभोक्ताको मागबमोजिम पठाउने गरिएको छ। आयोजनाले दैनिक पास्चराइज गरेको दूध चार हजार लिटर, दही सात सय लिटर, घ्यू सात सय लिटर र पनिर १४० किलो उत्पादन गर्दै आएको छ।

सुक्खा मौसमको समयमा तराईबाट दैनिक आठदेखि नौ हजार लिटरसम्म दूध खरीद गर्न सकिने शर्माको भनाइ थियो। आयोजनाले आफ्नो लगानीमा सर्लाही, रौतहट र बारामा छवटा किसान केन्द्र सञ्चालनमा ल्याएको आयोजनाका सूचना अधिकारी कृष्णबहादुर श्रेष्ठले जानकारी दिए।

### तीन नेपाली चलचित्र ....

सन्दीप लोहनीलगायत कलाकारले अभिनय गरेका छन्।

आजैदेखि प्रदर्शनमा आएको तेस्रो चलचित्र 'बासेन्जी' अमेरिकी निर्देशक इयान स्कट क्लेमेन्टले निर्देशन गरेका हुन्। एक युवाको मनोविज्ञानमा आधारित चलचित्रमा असीम निरौला, सरिता गिरी, राज शर्मा, मिथिला शर्मा, अङ्कित खड्का, प्रतीक दुलाल, निरू खड्कालगायत कलाकारले अभिनय गरेका छन्।

## चिकित्सकलाई कुटपिट गर्ने छजना धरौटीमा रिहा

मनहरी (मकवानपुर), २६ असोज/रासस

हेटौंडाको एक अस्पतालमा चिकित्सकलाई कुटपिट गरेको आरोपमा पक्राउ परेका छजनालाई जिल्ला अदालत मकवानपुरले धरौटीमा रिहा गर्न आदेश दिएको छ।

जिल्ला न्यायाधीश राजेन्द्र अधिकारीको इजलासले आरोपित छजनालाई धरौटीमा रिहा गर्न आदेश दिएको हो।

अदालतले घटनामा पक्राउ परेका रमा प्रधानलाई रु अढाई लाख तथा रमिला प्रधान, रोहन प्रधान, अनुप प्रधान, जीवन लामा तथा सुनील पाखिनलाई जनही रु दुई लाखका दरले धरौटी माग गरेको थियो। अदालतले माग गरेको धरौटी बुझाएर छजना बुधवार नै तारेखमा छुटेका जिल्ला अदालत मकवानपुरले जनाएको छ। हेटौंडास्थित सन्चो अस्पतालमा दुई चिकित्सकलाई भदौ २७ गते कुटपिट गरेको आरोपमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको थियो। मकवानपुर प्रहरीले उक्त घटनामा संलग्न रहेको आरोपमा थप एकजनालाई पक्राउ गरेको छ। प्रहरीले हेटौंडा उपमहानगरपालिका-१२ का ३६ वर्षीय सुवास स्याङ्तानलाई हेटौंडा-१० बाट पक्राउ गरेको जनाएको छ।

# मधेस प्रदेश र चार जिल्ला मात्र पूर्ण खोप घोषणा हुन बाँकी

राधेश्याम पटेल, परवानीपुर, २६ असोज/

स्वास्थ्य कार्यालय, पर्साले वीरगंजमा जिल्लास्तरीय स्वास्थ्यसम्बन्धी वार्षिक समीक्षा गोष्ठी सम्पन्न गरेको छ। गोष्ठीमा पर्साका १४ वटा पालिकाका स्वास्थ्य शाखा प्रमुखहरूको सहभागिता थियो।



तस्वीरः प्रतीक

कार्यक्रममा १४ वटा पालिकाका स्वास्थ्य शाखाले गत आव २०७९/८० को कार्यप्रगति प्रस्तुत गरेका थिए। सो आधारमा स्वास्थ्य शाखालाई प्रशंसापत्रले सम्मानित गरिएको थियो।

सखुवाप्रसौनी प्रथम, ठोरी द्वितीय, पटेर्वासुगौली गाउँपालिकाका स्वास्थ्य शाखा तृतीय र वीरगंज महानगरको स्वास्थ्य शाखालाई सान्त्वना पुरस्कारको रूपमा प्रशंसापत्र प्रदान गरिएको थियो। प्रशंसापत्र पालिका प्रमुखहरूलाई हस्तान्तरण गरिएको थियो।

सरकारले दिएका स्वास्थ्यका विभिन्न सूचक (मापदण्ड)को आधारमा प्रभावकारी सेवा दिएको बारेमा स्वास्थ्य कार्यालय, पर्साले मूल्याङ्कन गरेको थियो। कार्यक्रममा पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा समन्वयको अभाव, कमजोर व्यवस्थापन, सरकारले निर्दिष्टि गरेका सूचक पूरा गर्नमा समस्या भएको बताइएको थियो।

कार्यक्रममा पर्साका १४ वटा पालिकामध्ये चारवटा पालिका पूर्ण खोप पालिका घोषणा हुन नसक्दा जिल्ला पूर्ण खोप घोषणा हुन नसकेको बताइएको थियो।

पर्सामा धोबिनी, कालिकामाई, विन्ध्यवासिनी र पकहामैनपुर गापा पूर्ण खोप घोषणा हुन नसकेका छैनन्।

त्यसैगरी, मधेस प्रदेशमा चारवटा जिल्ला पर्सा, रौतहट, महोत्तरी र धनुषा पूर्ण खोप घोषणा हुन बाँकी छन्।

नेपालका सातवटा प्रदेशका ७३ जिल्ला र छवटा प्रदेश पूर्ण घोषणा भइसकेका छन् भने मधेस प्रदेश मात्रै घोषणा हुन बाँकी छ।

स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण शाहको सभापतित्व एवं जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरको सहजीकरणमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति पर्साका उपप्रमुख पूरणप्रसाद कुर्मी, सखुवाप्रसौनी गापा अध्यक्ष यशवन्त यादव, ठोरी गापा अध्यक्ष लालबाबू श्रेष्ठ एवं विभिन्न कार्यपालिकाको स्वास्थ्य शाखा प्रमुखहरुको सहभागिता थियो।

# खेलकूदको संसार

## काभा च्याम्पियनशिप भलिबल : नेपाल साउदी अरेबियासँग पराजित

काठमाडौं, २६ असोज/रासस

श्रीलङ्कामा जारी सेन्ट्रल एशियन भलिबल एशोसिएशन (काभा) पुरुष भलिबल च्यालेन्ज कपको चौथो खेलमा नेपाल साउदी अरेबियासँग पराजित भएको छ।

कोलम्बोस्थित सुगाथादास इन्डोर रङ्गशालामा शुक्रवार पाँच सेट चलेको खेलमा नेपाल साउदी अरेबियासँग ३–२ को सेटमा पराजित भएको हो। खेलको पहिलो सेट २२–२५ ले गुमाएको नेपालले दोस्रो सेट २५–२१ ले आफ्नो पक्षमा पार्‍यो। त्यस्तै, खेलको तेस्रो सेट २३–२५ ले गुमाएको नेपालले चौथो सेट २७–२५ ले जित्यो।

त्यसपछिको निर्णायक पाँचौं सेट नेपालले १६–१४ ले गुमाएपछि नेपाल साउदी अरेबियासँग ३–२ को सेटमा पराजित हुन पुग्यो। प्रतियोगितामा यससँगै चार खेल खेलेको नेपालको यो दोस्रो हार हो। नेपाल श्रीलङ्कासँग ३–० को सोझो सेटमा पराजित भएको थियो। त्यस्तै, नेपालले यसअघि बङ्गलादेशलाई ३–१ र अफगानिस्तानलाई ३–२ को सेटमा पराजित गरेको थियो। अब नेपालले लिग चरणको अन्तिम खेलमा भोलि उज्वेकिस्तानसँग खेल्नेछ।

## अध्यक्ष अग्रवालद्वारा प्रधानमन्त्रीको ध्यानाकर्षण

प्रस, वीरगंज, २६ असोज/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग शुक्रवार काठमाडौंमा भेटघाट गरेका छन्।


तस्वीरः सौजन्य

अध्यक्ष अग्रवालले व्यवसायीहरूले भोगिरहेका समस्याका बारेमा प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गराएका थिए। उनले हाल पर्सा–बारा औद्योगिक क्षेत्रका उद्योग–व्यापारमा आएको समस्या र व्यावसायिक कठिनाइका बारेमा प्रधानमन्त्रीलाई अवगत गराएका थिए। उनले उद्योग–व्यवसायको प्रवर्द्धन र विकासका लागि नियमनकारी निकायहरू कर, भन्सार, राजस्व, प्रहरीका अवरोधक हाल स्थगित गरी उद्योगी–व्यवसायीहरूको मनोबललाई उच्च बनाएर अर्थतन्त्रलाई चलायमान बनाउन आग्रह गरे। अध्यक्ष अग्रवालले राजस्व सङ्कलनमा आएको कमीप्रति निजी क्षेत्र पनि चिन्तित रहेको प्रम प्रचण्डलाई बताए।

राजस्व सङ्कलनमा वृद्धिका लागि भन्सार मूल्याङ्कनलाई पारदर्शी बनाउनुपर्ने, सन्दर्भ पुस्तिकालाई व्यवस्थित र वैज्ञानिक बनाएको खण्डमा आयात र निर्यातको सन्तुलन सँगसँगै स्थानीय व्यापार र राष्ट्रिय अर्थतन्त्र चलायमान हुन ठूलो सहयोग पुग्ने बताए।

कार्यक्रममा मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन राज्यमन्त्री रहबर अन्सारी, वीउवासङ्घका प्रशासकीय अधिकृत मनोज उपाध्याय सहभागी थिए।

## तीन किलो चरेससहित वृद्धा पक्राउ

सुग्रीव साह, भिस्वा, २६ असोज/

भारतीय एसएसबीले तीन किलो चरेससहित एकजना ज्येष्ठ नागरिक महिलालाई पक्राउ गरेको छ। एसएसबी र सिकटा प्रहरीले पर्सा जिल्ला भिखमपुर निवासी ६५ वर्षीया चाँदकली देवीलाई तीन किलो चरेससहित पक्राउ गरेको एसएसबीले जनाएको छ।

हिजो दिउँसो भिस्वाबाट सिकटा प्रवेश गरेकी ती महिलाबाट तीन किलो चरेस बरामद भएको र निजलाई नियन्त्रणमा लिएको एसएसबीले जनाएको छ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

प्राविधिकतर्फ
रोजगारमूलक
तीन वर्षे
Medical Lab Technician
(MLT)
मा भर्ना खुल्यो।

Note: HA, Pharmacy, Lab Technician, Radiography, Nursing, Phisiotherapy लगायत अन्य स्वास्थ्यमा CTEVT को प्रवेश परीक्षा उत्तीर्ण गरेका वा Cut off List मा परेका विद्यार्थीहरूले सीधैं भर्ना हुन सक्नेछन्।

भवानी कलेज अफ टेक्निकल एजुकेशन प्रा. लि.
वीरगंज-८, पर्सा
सम्पर्क नं.: ०५१-५३२०६५, ९८५५०३३५०६, ९८१६२४७१११, ९८६३७८९१२९

## सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजनाको डिपिआर ३० महीनाभित्र तयार पार्ने सहमति

काठमाडौं, २६ असोज/रासस

नेपाल र भारतबीच आगामी ३० महीनाभित्र सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार पार्ने सहमति भएको छ।

सो आयोजनाको भौगर्भिक अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन र पुनर्वास तथा पुनर्स्थापन अध्ययन, बाढी नियन्त्रणबाट हुने लाभजस्ता विषयको महत्त्वपूर्ण बाँकी अध्ययनलाई प्राथमिकीरण गरी ३० महीनामा विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सहमति भएको हो। ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव एवं प्रवक्ता नवीनराज सिंहका अनुसार सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज डाइभर्सन आयोजनाको अध्ययन सम्बन्धमा गठित नेपाल–भारत संयुक्त विज्ञ टोलीको बैठक यही असोज २२ देखि २४ सम्म विराटनगरमा सम्पन्न भएको थियो।

बैठकमा नेपाल सरकारको तर्फबाट विद्युत् विकास विभागका महानिर्देशक चिरञ्जीवी चटौत र भारत सरकारको तर्फबाट केन्द्रीय जल आयोगका नदी प्रबन्धक सदस्य तथा अतिरिक्त सचिव पिएम स्कटले संयुक्तरूपमा बैठकको अध्यक्षता गरेका थिए।

सो बैठकमा संयुक्त जलस्रोत समिति (जेसिडब्ल्यु)को नवौं बैठकको निर्देशनबमोजिम आयोजनाबाट तयार गरिएको परिमार्जित आकारप्रकार सम्बन्धी अध्ययनको प्रतिवेदन प्रस्तुत भएको थियो। प्रतिवेदनमा विस्तृतरूपमा छलफल हुँदा सप्तकोशी आयोजनाको डुबान क्षेत्र, माथिल्लो तटीय क्षेत्रमा प्रस्तावित सञ्चालित गरिएका आयोजना, सामाजिक तथा वातावरणीय र प्राविधिक पक्षहरूलाई समेत मध्यनजर गरी बाँधको उचाइलाई घटाउने सहमति भएको प्रवक्ता सिंहले जानकारी दिए।

यस्तै, प्रस्तावित रिनेगुलेटिङ ब्यारेजको विकल्पमा उपयुक्त नयाँ स्थानमा रिजेगुलेटिङ ब्यारेजका साथै नेपाली भूभागमा सिंचाइसम्बन्धी अध्ययन कार्य जलस्रोत तथा सिंचाइ विभागको सहकार्यमा अगाडि बढाउने सहमति भएको छ।

## प्रभु अस्पतालको स्थापना दिवसमा वृक्षारोपण

प्रस, वीरगंज, २६ असोज/

प्रभु हस्पिटलको चौथो स्थापना दिवसको अवसरमा साताव्यापी कार्यक्रम अन्तर्गत शुक्रवार अस्पतालचोक र सडकछेउमा वृक्षारोपण गरिएको छ।



वडाध्यक्ष रितेश गुप्ता, डा गोपाल गजुरेल, मधेस विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्य, ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष श्याम पोखरेल, लोसपाका केन्द्रीय सदस्य निजामुद्दीन समानी, श्रीजङ्ग गणका कर्नेल डायमन्ड कार्की, सशस्त्र प्रहरी उपरीक्षक किशन कर्माचार्य, प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापा, कलाकार सुनील पण्डित, पानीटङ्की टोल सुधार समितिका सञ्जय श्रीवास्तव, अस्पतालका सञ्चालक डा मनोज गुप्ता, लक्ष्मी थापा गुप्ता, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्कीलगायतले ६५ वटा गुलमोहरका बिरुवा रोपेका थिए।

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## विद्यार्थी स्वागत कार्यक्रम



तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, २६ असोज/

जनता माध्यमिक विद्यालय, पकडिया बडनिहारका कक्षा १२ का विद्यार्थीहरूले ११ कक्षामा भर्ना भएका विद्यार्थीको स्वागत तथा दशैंको शुभकामना आदानप्रदान गरेका छन्। कार्यक्रममा 'ए' प्लस ल्याइ उत्तीर्ण भएका कक्षा १२ का विद्यार्थी राजन रामलाई सम्मान गरिएको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक मोहन चौधरी, सप्रअ डिल्लीराम आचार्य, नागेश्वर मुखियालगायतले मन्तव्य राखेका थिए। कार्यक्रममा वडासदस्य रामजीवन खाँ थारू, सर्बत चौधरी, इन्दु माझी, शिक्षकशिक्षिकालगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत मन्तव्य रेणु आचार्य र सहजीकरण अमित चौधरीले गरेका थिए।

यसैगरी, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बर्वाछोटैलीमा पनि विद्यार्थीहरूले स्वागत तथा दशैं–तिहारको शुभकामना आदानप्रदान कार्यक्रम गरेका थिए।

स्तनपानः बालबालिकालाई वरदान

आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ।
त्यसैले,
- स्वास्थ्यकर्मीहरूले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिश गर्नुहुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानीजस्ता वस्तुको प्रवर्द्धन गर्नुहुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनुहुँदैन।

त्यस्तो कार्य गरेको पाइएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारबाई हुनेछ।

नेपाल सरकार
विज्ञापन बोर्ड